मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक २०८ | २०८१ साल असार ०३ गते सोमबार | Monday 17, June 2024 | सूर्योदय: बिहान ५:११ बजे | सूर्यास्त: साँझ ७:०१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## मनाइयो गंगा दशहारा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हिन्दू धर्ममा सबै भन्दा पवित्र नदी मानिएको गंगा नदी पृथ्वीमा अवतरण भएको दिनको सम्झनामा आइतबार गङ्गा दशहारा पर्व मनाइएको छ । पुराणअनुसार सत्ययुगमा सूर्यवंशी राजा सगरका छोराको मुक्तिका निम्ति भगिरथले तपस्याद्वारा गंगालाई पृथ्वीमा ल्याएको मानिने ज्येष्ठ शुक्ल दशमीका दिन मिथिला क्षेत्रमा यो पर्व मनाइने परम्परा छ ।

जनकपुरका दशरथ मन्दिर अगाडि रहेको महाराजा सागरमा बिहानैदेखि श्रद्धालुको पूजापाठका लागि भिड लागेको थियो । श्रद्धालु तलाउमा स्नान गरी दशरथ मन्दिरमा पूजापाठ गरेका छन् । यो परम्परा जनकपुरमा सदियौँदेखि चल्दै आएको छ । गंगा दशहाराका दिनमा हरेक वर्ष यहाँ ठूलो भिड लाग्ने गर्दछ ।

गंगा स्नान गर्न नसक्नेले नजिकका नदी तथा तलाउमा स्नान गरी यो पर्व मनाउँछन । सूर्योदयअघि स्नान गरेर आपूm नुहाएको जलाशयलाई गंगा रूप मानेर पूजाअर्चना गरिन्छ । यसैगरी शिवजीलाई जलाभिषेक गरेर यो दिन उपबास बसे १० प्रकारका महापाप यसदिनको स्नान र उपबासले नास हुने जनविश्वास छ । जेष्ठ शुक्लदशमीका दिन गङ्गा स्नान गरेर व्रत बसी अन्न, द्रव्य दान दिनाले महापातक पाप नास हुने धार्मिक ग्रन्थमा उल्लेख छ ।

# पटेर्वासुगौलीमा आम्दानीको एक चौथाइ खाजा खाएरै सकियो

*– मुस्लिमलाई दशैँ, छठ र तीजका नाममा ९ लाख*
*– हाकिमको मोइबाल मर्मतमा ७३ हजार रुपैयाँ खर्च*
*– ऐनविपरीत पालिकामा कानुनी सल्लाहकार नियुक्ति*
*– धान दिवस मनाउँदा १५ लाख इ्वाम*






**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वासुगौली गाउँपालिकाले आम्दानीबाट पालिकाको विकास गर्नुपर्नेमा खाजा खाएरै सकाएको पाइएको छ । आर्थिक वर्ष २०७९–८० को महोलेखा परीक्षणमा आम्दानीको झण्डै एक चौथाइ जति रकम खाजा खाएरै सकाइएको पाइएको हो । जम्मा ८७ लाख रुपैयाँ आन्तरिक आय भएको पटेर्वासुगौली गाउँपालिकाले खाना, खाजामा मात्रै आन्तरिक आम्दानीको एक चौथाइ रकम सकाएको छ । २० लाख ५२ हजार रुपैयाँ खाना र खाजामा खर्च गरेको पालिकाले आयको २३ प्रतिशत खानपानमा खर्च गरेको हो ।

पालिकाले मापदण्ड तर्जुमासमेत लागु नगरेको पाइएको छ । कतिसम्म बदमासी भएको छ भने, पूजा, महोत्सव, सम्मान, शुभकामना जस्ता कार्यक्रममा १९ लाख ७० हजार रुपैयाँ भुक्तानी गरिएको छ । यति रकमले पाँच वटा वडा भएको पालिकाको कुनै विकासे काम हुनेमा प्रतिफल नआउने काममा लाखौँ रुपैयाँ सकाइएको पाइएको हो । लाजैमर्दो त यो पनि छ कि, पालिकाले मुस्लिम समुदायलाई समेत दशैँ पूजा, छठदेखि तीज कार्यक्रमका ९ लाख रुपैयाँ भुक्तानी गरेको छ । फरक धर्म, सम्प्रदायका समुदायलाई पालिकाको बजेट वितरण गरेर धर्म र संस्कृतिका नाममा पालिकाले बदमासी गरेको हो ।

पालिकाले असार १५ गते अर्थात् धान दिवसमा गरेको कार्यक्रममा मात्रै १५ लाख रुपैयाँ सकाएको छ । यस्तै, बेहद बदमासीको नमूना देखिएको छ महिला दिवसका नाममा पनि । महिला दिवसको कार्यक्रममा मात्रै ३ लाख रुपैयाँ खर्च गरेको भुक्तानी भएको छ । पालिकाले प्रमुख प्रशासकीय अधिकृत सन्देश कुमार यादवको मोबाइल मर्मतमा मात्रै ७३ हजार ६ सय रुपैयाँ भुक्तानी गरेको छ । मोबाइल मर्मतमा यति ठूलो करम खर्च भएको छ भने मोबाइल कति महंगो होला ? सर्वसाधारणले प्रश्न गरेका छन् ।

यस्तै, पालिकमा रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद, बिल, भर्पाई सिलसिलेवार नम्बर राखेर कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने विधि छ । तर पटेर्वासुगौली गाउँपालिकाले यस्तो विधिको पनि धज्जी उडाएको छ । पालिकाले विविध खर्चमा होटलका बिल पेश भएको भए पनि खर्च पुष्टि हुने आधारको प्रमाण संलग्न नगरी भुक्तानी गर्ने गरेको पाइएको छ ।

यस्तै, पटेर्वासुगौली गाउँपालिकाले निजी प्लेटको सवारी साधन पनि चलाएको पाइएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड रुपैयाँ भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, वार्षिक १० लाख रुपैयाँ भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था गरेको छ । तर पटेर्वासुगौली गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक १६ करोड ५ लाख पूँजीगत खर्च–खरिद निर्माण कार्य गरेको छ । वार्षिक योजना तथा गुरुयोजना भने बनाएको पाइएको छैन । महालेखाले पदाधिकारी सुविधामा १ करोड ७ लाख रुपैयाँ खर्च गरेको देखाइएको पाइएको बताएको छ । यो खर्च आन्तरिक आयको १२२.९६ प्रतिशत हो । पाँच वटा वडा भएको पालिकामा यति ठूलो खर्च के मा भयो ? महालेखाले प्रश्न गरेको छ ।

यस्तै, पालिकाले स्पष्ट मापदण्ड र कार्यविधी तर्जुमा गरी बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्ने मापदण्ड र कार्यविधिको पनि धज्जी उडाएको छ । उसले कुनै कार्यविधि र मापदण्ड तयार नपारी विभिन्न संघसंस्था र व्यक्तिलाई ४ लाख ३७ हजार रुपैयाँ आर्थिक सहायता वितरण गरेको छ ।

यस्तै, पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) अन्तर्गत नगर प्रहरी, सवारी चालक, बगैँचे, प्लम्बरलगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था निषेध गरेको छ । तर पालिकाले उल्लेखित पदबाहेक करारमा कर्मचारी नियुक्त गरी तलब भत्ता बापत १ करोड १५ लाख ९१ हजार रुपैयाँ भुक्तानी गरेको छ । नयाँ भर्ना भएका कर्मचारीको नामावली पेश नभएकाले कर्मचारी पदपूर्ति प्रक्रिया सम्बन्धमा यकिन हुन नसकिएको तथा करार कर्मचारीको सम्झौता पेश नभएको, उनीहरुलाई भुक्तानी हुने तलब भत्तामै प्रश्न उठेको भन्दै महालेखाले प्रश्न उठाएको छ ।

पालिकाले पालिकाका कर्मचारी अर्थात् एउटै निकायको कर्मचारीको विभिन्न बैठकमा १४ जना कर्मचारीलाई बैठक भत्ता भुक्तानी गरेको छ । पालिकाले कर्मचारी मात्र बैठक बसेर बैठक भत्ताबापत १ लाख ७९ हजार रुपैयाँ भुक्तानी गरेको हो । पालिकाले २७ चौकिदारलाई वर्षभरमा ३ लाख ५६ हजार रुपैयाँ भत्ताबापत भुक्तानी गरेको छ । पालिकाले भ्रमण खर्च भुक्तानी गर्दा कतिपय भ्रमणको उद्देश्य र स्थान खुलाएको छैन । कर्मचारीले १९ लाख ५० हजार रुपैयाँ भ्रमण खर्च लगेका छन् ।

यस्तै, पालिकाले इन्टरनेट महसुलमा सञ्चार महसुल ९ लाख ४३ हजार रुपैयाँ, भैपरी खर्च शीर्षकबाट १ लाख २२ हजार रुपैयाँ, पत्रपत्रिका शीर्षकबाट १ लाख २२ हजार रुपैयाँ खर्च गरेको छ । पालिकाले पदाधिकारीको वार्षिक सुविधामा ८९ लाख १५ हजार रुपैयाँ खर्च गरेको छ । खर्च गाउँपालिकाको आन्तरिक आय ८७ लाख १४ हजार रुपैयाँको तुलनामा १०२.३ प्रतिशत हो ।

गाउँपालिका–नगरपालिका कार्यसञ्चालन निर्देशिकाबमोजिम पालिकाले ५ हजार रुपैयाँ अतिथि सत्कार तथा चियापान खर्च भुक्तानी हुनुपर्नेमा १० हजार रुपैयाँ खर्च गरेको देखाएको छ । वडाको वडा अतिथि सत्कार तथा चियापान खर्चमा ६ लाख रुपैयाँ खर्च गरेको छ । खर्चको रकम सोझै आपूर्तिकर्तालाई भुक्तानी हुनुपर्नेमा सचिवलाई भुक्तानी दिएर सुशासनको खिल्ली उडाइएको छ । पालिकाले विभिन्न पत्रपत्रिकामा सूचना प्रकाशनबापत १४ लाख १९ हजार रुपैयाँ भुक्तानी गरेको छ ।

मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधासम्बन्धी ऐन, २०७७ मा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव, सल्लाहकार, वकिल राख्न पाउने व्यवस्था छैन । तर, पालिकाले कानूनी सल्लाहकारका रुपमा अजय कुमार दासलाई नियुक्त गरी वर्षभरमा २ लाख ४० हजार रुपैयाँ भुक्तानी गरेको छ । हाजिरी रजिष्टर पेश नभएकाले उनले कार्यालयमा हाजिरी गरे नगरेको यकिन भएको छैन । पालिकाले निःशुल्क स्थास्थ्य शिविरका लागि विभिन्न संस्थालाई १० लाख रुपैयाँ भुक्तानी गरेको छ । तर हिसाब पारदर्शी छैन ।

यस्तै, अर्थमन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १ सय २५ लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाइकल १० लिटर पेट्रोल खर्चको व्यवस्था छ । पटेर्वासुगोली गाउँपालिकाले इन्धन शीर्षकबाट ४९ लाख ८४ लाख रुपैयाँ खर्च गरेको छ । मर्मत सम्भार शीर्षकबाट ५ लाख ७९ हजार रुपैयाँ खर्च गरेको छ । पालिकाले पदाधिकारी तथा कर्मचारीबाहेक अन्य व्यक्ति, पदाधिकारीको समेत इन्धन रकम भुक्तानी गरेको देखिएको छ । सवारी साधन भाडामा पनि १७ लाख ९४ हजार रुपैयाँ खर्च गरेको छ । बदमासी र बेथितिले स्थानीय तह कसरी बदनाम भएका छन् भन्ने उदाहरण महालेखाले नै पटेर्वासुगौलीको लेखा परीक्षणबाट उदांगो पारिदिएको छ ।

## राष्ट्रिय परिचय पत्र लिन हम्मे-हम्मे

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले आगामी आर्थिक वर्षदेखि सामाजिक सुरक्षाभत्ता वितरण प्रयोजनका लागि राष्ट्रिय परिचय पत्र अनिवार्य गर्ने भएपछि जिल्ला प्रशासन कार्यालय पर्सामा परिचयपत्र बनाउन सेवाग्राहीको भिड थामिनसक्नु भएको छ । प्रचण्ड गर्मीसँगै सेवाग्राहीको भिड बढेपछि जिल्ला प्रशासन कार्यालयको कामकाज अस्तव्यस्त भएको छ ।

दिनभरको चर्को गर्मीसँगै परिचयपत्र वितरण प्रणाली सिष्टममा आउने खराबीका कारण परिचय पत्रका लागि समयमा फोटो खिच्न र विवरण भर्न नपाउँदा सबभन्दा बढी अशक्त, अपाङ्ग र ज्येष्ठ नागरिक तथा मजदुर वर्ग मारमा परेका छन् । यस्ता समस्याले परिचयपत्र बनाउनकै लागि निरन्तर जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यता छ ।

राष्ट्रिय परिचय पत्रको बायोमेट्रिक प्रणालीमा सामाजिक सुरक्षा भत्ताका लाभग्राहीलाई सहभागी गराउने भएपछि परिचय पत्र लिन जिल्ला प्रशासन कार्यालयमा सेवाग्राहीको भिड बढेको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालले बताए । सरकारको राष्ट्रिय अभियानअन्तर्गत राष्ट्रिय परिचयपत्र बनाउन पर्सामा २०७८ असोजदेखि विवरण सङ्कलन शुरु भएको थियो । टोलीले १४ वटै पालिकाको वडामा पुगेर स्टेसन खडा गरी विवरण सङ्कलन गरेको थियो । सामाजिक सुरक्षा भत्तामा अनिवार्य नभएका कारण अपाङ्ग तथा ज्येष्ठ नागरिक विवरण सङ्कलनमा छुट्न पुगेका थिए ।

हाल पर्सामा दैनिक २ सय भन्दा बढी राष्ट्रिय परिचयपत्रका लागि फोटो खिच्नेदेखि बायोमेट्रिक गरिने काम भइरहेको र जिल्ला प्रशासन कार्यालयमा दैनिकरुपमा १ सय जना भन्दा बढीले प्रतिलिपि माग गर्दै आउने, ६०–७० थान नागरिकताका लागि आउने गर्दा प्रशासन कार्यालयमा सेवाग्राहीको भिड बढेको प्रमुख जिल्ला अधिकारी भुषालले बताए ।

गृह मन्त्रालयबाट थप ५ कर्मचारी राष्ट्रिय परिचय पत्रका लागि आएको र ठोरी, पर्सागढी, पटेर्वासुगौली, जिराभवानी र बहुदरमाई नगरपालिकामा राष्ट्रिय परिचय पत्रको काम सम्बन्धित पालिकामै पुगेर गर्न थालिएको बताउदै अब १० दिनभित्र बाँकी ९ पालिकामा समेत टोली खटाइने प्रमुख जिल्ला अधिकारी भुषालले बताए ।

## महाधिवेशन संघीयताविरोधीलाई झापड

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले जनकपुरधाममा सम्पन्न एकताको राष्ट्रिय महाधिवेशनले संघीयता विरोधीलाई दरिलो झापड प्रहार गरेको बताएका छन् । महाधिवेशनबाट निर्विरोध निर्वाचित अध्यक्ष यादवको सम्मानमा जसपा धनुषाले गरेको सम्मान कार्यक्रममा अध्यक्ष यादवले महाधिवेशन उद्घाटन शत्रमा उपस्थित भिडले जसपा कमजोर गरेर संघीयता समाप्त पार्ने मनसुबा बोकेकाहरुले दरिलो झापड भेटेको प्रतिक्रिया दिए । संघीयता पक्षधर मधेशी, आदिवासी, जनजाति, महिला, मुस्लिमलगायतका शक्ति एकजुट रहेको सन्देश जनकपुर महाधिवेशनले दिएको उल्लेख गर्दै अध्यक्ष यादवले मौसमको प्रतिकुलता, सत्तापक्षको षड्यन्त्रका बीच समर्थकको अपार उपस्थितिले जनतासँग जसपा र जसपासँग जनता रहेको पुष्टि भइसकेको दाबी गरे । हिमाल, पहाड र मधेशको ऐक्यवद्धताले जनता समाजवादी पार्टी नेपालको बेगलाई अब कसैले रोक्न नसक्ने पुष्टि भइसकेको भए पनि संघीयताविरोधीले भविष्यमा गर्नसक्ने षड्यन्त्रलाई पराजित गर्न



सचेत रहन नेता कार्यकर्तालाई निर्देश समेत दिए । जिल्ला अध्यक्ष पशुपति यादवको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश अध्यक्ष बालकिशोर यादव, नेताहरु हरिनारायण यादव, डा. सुरेन्द्र यादव, लाल किशोर साह, स्थानीय आयोजक समितिका संयोजकको उपस्थिति थियो ।

# गरुडाका मेयरद्वारा छठघाटको शिलान्यास



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मध्यभाग गरुडा नगरपालिकाका मेयर कन्थमणि जैसवालले छठघाटको शिलान्यास गरेका छन् । आइतबार एक समारोहका बिच मेयर जैसवालले छठघाटको शिलान्यास गरेका हुन् । मेयर जैसवालले गरुडा नगरपालिका वडा नम्बर ५ शिवनगर टोल स्थित छ्ठघाटसंगै भर्याङ्को निर्माणको लागी शिलान्यास गरेका हुन् । नगरस्तरीय बजेट ७ लाख रुपैयाँको लागतमा सो भर्र्याङ् बन्ने उनले बताएका छन् । छठ पर्वको समयमा खोलामा आवत–जावत गर्न सजिलो होस भन्ने उदेश्यको साथ निर्माण अगाडी बढाइएको उनको भनाइ छ ।

# सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

**अनितेश यादव**
**जनकपुधाम ।**
धनुषा धनौजी गाउँपालिकाको वार्ड नम्बर ३ झोझी कटैया टोलको सार्वजनिक ठाउमा 'पारदर्शिता नै भष्ट्राचार अन्त्यको मूख्य आधार हो' भन्ने मूल नाराका साथमा आइतबार सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । गाउँपालिकाको सु–शासन, विकास, कमिकमजोरी, सुधार्न गर्नुपर्ने कुरा, पारदर्शिता र जवाफदेहिताका लागि धनौजी गाउँपालिकाको सहयोग तथा समाज विकास सेवा केन्द्रको आयोजनामा आर्थिक वर्ष ०८०÷०८१ को सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको हो । गाउँपालिकाका शाखा प्रमुखहरुले आ–आफनो प्रगति विवरण प्रस्तुत गरेका थिए । योजना तथा प्राविधिक शाखा प्रमुख धिरज कर्ण, स्वास्थ्य शाखा प्रमुख गौरी शंकर मण्डल, शिक्षा शाखा प्रमुखका जिम्मेवारीमा रहेका विजय कुमार मण्डल, लेखा शाखा राधेश्याम राय, प्रशासन स्टोर शाखा प्रमुख अरुण कुमार यादव, कृषि शाखा भोगेन्द्र यादव, पशु शाखाका धुरण मण्डलले आ–आफनो शाखाको कार्य प्रगति विवरण प्रस्तुत गरेका थिए । गाउँपालिकाको वडा नम्बर ३ झोझी कटैया टोलमा जनप्रतिनिधि, पालिकावासी, स्थानीय राजनीति दलका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, शिक्षक सम्बन्धित निकाय र सेवा प्रदायक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो । कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरुले गाउँपालिकामा भइरहेको विकास निर्माण कार्यहरुमा गुणस्तर किन



घटेको छ, कृषकका लागि स्यालो टिउबेल, पानीको व्यवस्थापन, मल व्यवस्थापन, शिक्षा र स्वस्थ्यको गुणस्तरीय सुधा, दुई वटा बर्थिङ सेन्टर मध्ये एउटा पनि पुर्न रुपमा संचालन नभएको लगायतका विषयमा स्थानीयले प्रश्न उठाएका थिए । योजना अनुगमन कार्य किन ढिलो हुन्छ ? समयमा सूचनाको बारेमा जानकारी किन हुदैन ? भन्दै स्थानीयहरुले गुनासो गरेका थिए । गाउँवासीले उठाएका सवाल तथा गुनासोलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष राज कुमार साहले हरेक विकासका पुर्वाधारहरु उत्तिकै महत्वपूर्ण रहेको बताए । नागरिकको चासोसँग आवद्ध भएर जवाफदेहीतालाई विकास गरिने उनले बताए । आगामी दिनमा कामलाई प्रभावकारी बनाउन अनुगमनलाई तिब्रता दिने, गुणस्तरिय शिक्षा र स्वास्थ्यलाई निरन्तरता, दिदै बर्थिङ सेन्टर छिटो सञ्चालन गरिने बताए ।
उनले स्वास्थ्य, शिक्षा, कृषि, ग्रामीण विद्युतीकरण, खानेपानी, यातायात, सबै महत्वपूर्ण रहेको बताउँदै क्रमशः प्राथमिकताका आधारमा योजना बनाई सबैलाई अगाडी सार्दै हरेक क्षेत्रमा विकास गरेको बताए । उनले जनताका हरेक गुनासालाई आत्मसात गर्दै अगामी दिनमा अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गरे । गाउँपालिकाको क्रियाकलाप तथा गतिविधि, विकासका कामको ढिला सुस्ती, अनियमितता, कमीकमजोरी, विकास निर्माणका काम, गुणस्तरीय शिक्षालगायत हरेक जनताको गुनासोप्रति प्रतिबद्ध रहेर अगाडि बढ्ने प्रमुख प्रशासकीय अधिकृत संतोष कुमार शर्माले बताए । सार्वजनिक सुनुवाई कार्यक्रममा जिल्ला समन्वय समितिका सभापति राज नन्दन मंडल, सहायक प्रमुख जिल्ला अधिकारी पुष्पराज पौडेल, गाउँपालिका उपाध्यक्ष राम बति देवि मंडल लगायतकाले आ–आफनो धारणा राखेका थिए ।

# मुस्लिम बस्तीमा बकर इदको चहलपहल

**महोत्तरी ।**
अहिले महोत्तरीका गाउँनगर बस्तीमा इस्लाम धर्मावलम्बीको दोस्रो मुख्य चाड इद–उल–जोहाको चहलपहल छ । इस्लामिक पात्रोको हिजरी संवत् परम्परामा अन्तिम महिना जिलहिज्जको १० तारिखका दिन बकर इद पनि भनिने यो पर्व मनाइन्छ । यसअनुसार नेपाली मुसलमान भोलि सोमबार इद–उल–जोहा मनाउने तयारीमा छन् । इद–उल–जोहा इस्लाम परम्परामा इद–उल–फित्रपछिको मुख्य पर्व मानिन्छ ।
पर्वले गर्दा मुस्लिम बाहुल्य बस्तीमा निकै चहलपहल बढेको छ । महोत्तरीका १५ वटै स्थानीयतहमा मुस्लिम बसोबास छ । यीमध्ये सम्सी, जलेश्वर, लोहारपट्टी, रामगोपालपुर र भङ्गाहाका अधिकांश बस्ती मुस्लिम बसोबास बाहुल्य छन् । यी बस्तीमा पर्वको एक दिनअघि नै कुर्बानी (बलि) का लागि खसी, राँगा जुटाइँदैछन् । यसैगरी मुस्लिम बसोबासका अन्य बस्तीमा पनि बकर इदको रौनक देखिँदो छ । पर्वका लागि काम विशेषले टाढाटाढा रहेका पनि घर फर्केपछि परिवारजनमा खुसी थपिएको छ ।
बकर इद पर्वमा कुर्बानीका लागि पशु किन्दा मुस्लिम सामान्यतया कुनै सवालजवाफ नगरी मागबमोजिम रकम दिन्छन् । आर्थिक अवस्थाले सम्पन्न मुस्लिमले त यस उद्देश्यका लागि लाखौँ पनि खर्चने गरेका देखिने गरेको छ । पर्वमा एकाबिहानै नुवाइधुवाइ गरेर इदगाहमा विशेष नमाज (प्रार्थना) गरेपछि इस्लाम धर्मावलम्बी अल्लाह (इश्वर) लाई समर्पित गर्दै पशु कुर्बानी दिन्छन् । यसलाई कुविचार तथा अहंकारको कुर्बानीको प्रतीकात्मक रुपमा बुझ्न सकिने भङ्गाहा–४ का सहबुल अन्सारी बताउँछन् । इस्लाम धर्मावलम्बीले कुर्बानी दिइएको पशुको मासु तीन भाग लगाउँछन् । आफ्ना परिवार, इष्टजन र समाजका गरिब परिवारका लागि एक÷एक भाग छुट्याइन्छ । निकै वर्षअघि मक्कामा हजरत इब्राहिमलाई सपनामा अल्लाहले तिम्रो सबैभन्दा प्रिय वस्तु मलाई देउभन्दा आफ्नै छोरालाई छुरी धसेको कथा मुस्लिम धर्मावलम्बी सम्झन्छन् । सो सपनाअनुसार भोलिपल्ट इब्राहिमले साँच्चै छोरालाई छुरी धसेर अल्लाहमा समर्पित गर्न खोज्दा छोरा जस्ताको त्यस्तै रहेको र त्यहाँ एक भेडाको कुर्बानी भएको हुँदा यसै घटनालाई सम्झेर बकर इदमा पशु कुर्बानी परम्परा चलेको इस्लाम धर्मावलम्बी बताउँछन् । यो कुर्बानी अल्लाहमा समर्पित मानिन्छ ।
घरबाट टाढा रहेका, पर्वमा घर आउन नपाएका इस्लाम धर्मावलम्बीले आफ्नो मूलघर भएका ठाउँमा आफन्त वा मोल्वी (धर्मगुरु) लाई कुर्बानीस्वरुप रकम पठाउने गर्छन् । बकर इद पर्वमा गरिने नमाजमा इस्लाम धर्मावलम्बी 'अल्लाहु अकबर–लाइलाह–इलल्लाहु बल्लाहु अकबर–अल्लाहु अकबर वलिल्लाहिद हम्द' भन्दै अल्लाहको पुकारा गर्छन् । यसको नेपाली भाव 'अल्लाह महान् छन्, अल्लाहका अतिरिक्त कोही पुज्य छैनन्, सबै प्रार्थना र प्रशंसा अल्लाहकै लागि हुन्' भन्ने रहेको फारसी तथा उर्दू भाषाका जानकार सम्सी–६ का शेष इम्तियाज बताउँछन् । आत्मशुद्धि, अल्लाहको पुकारा र अहंकारको त्याग (कुर्बानी) पर्वका मुख्य सन्देश मानिन्छन् । केही दिन पहिलेदेखि नै हुने पर्वको तयारी ससाना नानीहरुका लागि झन् विशेष बन्छन् । नयाँ लुगा लगाउने साथीसँग खेल्ने, एकअर्कोलाई शुभकामना आदानप्रदान गर्ने र खास परिकार खाने अवसर ससाना नानीलाई विशेष बन्ने गरेको हो । इद–उल–जोहा पर्वका लागि सरकारले भोलि सोमबार सार्वजनिक बिदा दिएको छ । रासस

# पाँच उपसचिव पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले नक्कली सवारी लाइसेन्स प्रकरणमा पाँच उपसचिव पक्राउ गरेको छ । नक्कली लाइसेन्स वितरण कार्यमा संलग्न अभियोगमा सिआइबीको टोलीले आइतबार जनकपुर यातायात कार्यालयका दीलिप कुमार साह, लुम्बिनी प्रदेश मुख्यमन्त्री कार्यालयका शाखा अधिकृत सुवास पौडेल, यातायात व्यवस्था कार्यालय नवलपरासीका पदमराज आचार्य, चितवनका राजेश लम्साल र वन मन्त्रालयका उपसचिव केशव अर्याललाई पक्राउ गरेको हो ।

# सहकारी संस्थाका अध्यक्षसहित चार पक्राउ



**काठमाडौँ ।**
काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले बचकर्ताको रकम अपचलन गरेको अभियोगमा कृषि विकास बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष तनहुँ व्यास नगरपालिका–११ का ४३ वर्षीय तेजविक्रम थापासहित चार जनालाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा सहकारीकी व्यवस्थापक ललितुर महानगरपालिका–१८ घर भई हाल गोकर्णेश्वर नगरपालिका–७ बस्ने ४४ वर्षीया सजना राजकर्णिकार, सदस्यहरुकिर्तिपुर नगरपालिका–८ बस्ने ५३ वर्षीय भीमसेन महर्जन तथा काठमाडौँ महानगरपालिका–६ चाबहिल बस्ने ४७ वर्षीय सञ्जय सापकोटा रहेका उपत्यका उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले जानकारी दिए ।
उक्त सहकारी ललितपुर महानगरपालिका–५ कुमारीपार्टीमा खोलिएको प्रहरीले जनाएको छ । पक्राउ परेका अध्यक्ष थापा बिसं २०५६ सालदेखि उक्त सहकारी संस्थाको चिफ एकाउन्टेन्ट र संस्थापक सदस्य रहेको प्रहरीको भनाइ छ । थापा अस्पताल, टेलिभिजनलगायत अन्य विभिन्न व्यवसायिक कम्पनीमा समेत अध्यक्ष भइसकेको तथा बैंकिङ कसुरका पाँच वटा मुद्दामा समेत कसुर ठहर भई फरारको सूचीमा रहेको अनुसन्धानबाट खुलेको प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक भट्टराईले बताए । उनले भने, 'पाँच सय ६६ जना बचतकर्ताको जाहेरीका आधारमा उनीहरुलाई पक्राउ गरिएको हो, दुई अर्ब ८० करोड रुपैयाँ निक्षेप रहेको यस सहकारीमा ९४ करोड २३ लाख ४२ हजार रुपैयाँ ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।'
प्रहरीले उनीहरुको साथबाट मोबाइल छ थान, पेनड्राइभ तीन थान, केही चेक तीन थान, बा २५ च ४२९६ नम्बरको इको भ्यान गाडी एक, यती टेक्निकको छाप र गोर्खा टीभीको परिचयपत्रलगायतका सामान बरामद गरिएको जनाएको छ । बचतकर्ताबाट आकर्षक ब्याज दिने भन्दै पैसा असुलेर नफर्काएपछि उनीहरुले दिएको उजुरीका आधारमा सहकारी विभागको पत्रको आधारमा उनीहरुलाई काठमाडौँका विभिन्न स्थानबाट पक्राउ गरिएको जनाइएको छ । रासस

# काठमाडौँमा चिनियाँ शैक्षिक प्रदर्शनी हुँदै

**काठमाडौँ ।**
मंगलबार काठमाडौँको बौद्धस्थित होटल हायात रिजेन्सीमा एक दिने चिनियाँ शैक्षिक प्रदर्शनी आयोजना हुने भएको छ । चीनको उच्च तहको शैक्षिक अवस्थाबारे नेपाली विद्यार्थी र अभिभावकलाई जानकारी गराउने उद्देश्यले नेपालस्थित चिनियाँ राजदूतावाससँगको सहकार्यमा नेपाल चीन सास्कृतिक तथा शैक्षिक परिषद्ले काठमाडौँमा प्रदर्शनी आयोजना गर्न लागेको हो ।
प्रदर्शनीमा इन्जिनियरिङ, चिकित्साशास्त्र, भाषा, संस्कृति, वाणिज्य, विज्ञान तथा प्रविधि, उड्डयन, खेलकुद, कृषि, औषधिजस्ता विषय अध्यापन गराउने सामान्य तथा विश्व प्रसिद्ध ३१ वटा चिनियाँ विश्वविद्यालय तथा कलेजले भाग लिने आयोजक कमिटिले जनाएको छ ।
नेपाल–चीन सांस्कृतिक शैक्षिक परिषद्का अध्यक्ष डा हरिश्चन्द्र साहका अनुसार ३१ वटा विश्वविद्यालयका स्टल रहने, प्रत्येक स्टलमा नेपानी विद्यार्थी र तिनका अभिभावकलाई चीनमा अध्ययन गर्दा हुने फाइदा, विश्वविद्यालयले उपलब्ध गराउने छात्रवृत्तिलगायत विभिन्न विषयमा विज्ञहरूले जानकारी दिनेछन् । मंगलबार बिहान उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र नेपालका लागि चिनियाँ राजदुत छन् सोङले संयुक्तरूपमा प्रदर्शनीको उद्घाटन गर्ने कार्यक्रम छ । 'प्रदर्शनीमा निःशुल्क प्रवेशको व्यवस्था मिलाइए छ । प्रदर्शनीमा सहभागी भइ आफ्ना छोराछोरीको उच्च शिक्षाका बारेमा आवश्यक परामर्श लिन हामी अभिभावकसँग अनुरोध गर्दछौँ' साहले भने, 'साथै विद्यार्थी स्वंय उपस्थित भई उच्च शिक्षाबारे आवश्यक जानकारी लिउन् भन्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो ।'
उनले चीन छात्रवृत्ति परिषद्, जनवादी गणतन्त्र चीनको शिक्षा मन्त्रालय, नेपालस्थित चिनियाँ राजदूतावासको सहयोगमा नेपाल चीन सास्कृतिक तथा शैक्षिक परिषद्ले डेढ दशकभन्दा लामो समयदेखि चिनियाँ शैक्षिक मेला आयोजना गर्दै आएको जानकारी दिए । पहिलो चिनियाँ शैक्षिक प्रदर्शनी सन् २००३ मा आयोजना गरिएको थियो भने त्यसयता प्रत्येक वर्ष प्रदर्शनी आयोजना हुँदै आएको साहले जानकारी दिए । 'चीनमा एक सय ६० देशका पाँच लाख विद्यार्थी विभिन्न विषयमा अध्ययनरत छन् । प्रत्येक वर्ष चीन सरकारले नेपाल सरकारलाई विभिन्न विषयमा २०० भन्दा बढीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ' उनले भने, 'पछिल्ला दिनमा सरकारी छात्रवृत्ति विद्यार्थीबाहेक सेल्फ फाइनान्सका विद्यार्थीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ ।


# बालविवाह
सामाजिक कुरीतिमात्रै नभई
जघन्य अपराध हो ।



**"२० वर्ष नपुगी विवाह गर्नु गराउनु गैरकानुनी हो ।**
**बालविवाह कानूनी र सामाजिक दुबै अपराध हो ।**
**यस्तो विवाह गर्ने तथा गराउने दुबैलाई कानून बमोजिम सजाय हुन्छ ।"**

- कानूनद्वारा तोकिएको उमेर भन्दा कम उमेरमा गरिएको विवाह बालविवाह हो ।
- नेपालको कानून अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले पनि कसैको विवाह गर्नु गराउनु हुँदैन । (मुलुकी अपराध संहिता २०७४)



**बालविवाह किन गर्नु गराउनु हुँदैन ?**
- बालअधिकारको हनन् हुन्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैलाई गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैको मृत्यु हुन सक्छ,
- बालिकाहरूमा फिस्टुला, पाठेघर खस्ने लगायतका गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- शिक्षा, रोजगारी लगायत विभिन्न अवसरहरुबाट वञ्चित हुन सक्छ,
- पारिवारिक, आर्थिक, सामाजिक परनिर्भरता बढ्ने हुन्छ,
- परिवार तथा समाजमा असमान शक्ति सम्बन्ध हुन सक्छ,
- घरेलु हिंसा र दुर्व्यवहारको जोखिम बढ्न सक्छ,
- मनोसामाजिक समस्याको उच्च जोखिम हुन सक्छ ।

**बालविवाह विरुद्धको उजुरी गर्ने प्रक्रिया र निकाय के र कँहा हो ?**
- आफुसँग भएसम्मको प्रमाण पुग्ने कागजात वा सूचना सहित नजिकको प्रहरी कार्यालयमा गई कानूनले तोके अनुसार उजुरी दरखास्त दिने,
- आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई बालविवाहको विरुद्धमा उजुरी वा जानकारी लिखित रुपमा वा मौखिक सूचना वा इमेल वा एसएमएस मार्फत नजिकको प्रहरी कार्यालयमा दिने,

**बालविवाह विरुद्धको उजुरी प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा के गर्ने ?**
- बालविवाह विरुद्धको उजुरी/जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेमा उक्त प्रहरी कार्यालयको माथिल्लो प्रहरी कार्यालय वा जिल्ला सरकारी वकिल कार्यालयमा उजुर गर्न सक्नेछ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५)
- प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय वा प्रहरीको माथिल्लो तहको प्रहरी कार्यालयले उजुरी लिन नमानेमा उजुरीको सबै व्यहोरा खुलाएर प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन पेस गर्न सकिन्छ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५(उपदफा ४)) ।

**बालविवाह विरुद्ध उजुरी गर्ने हद म्याद कहिले सम्म हुन्छ ?**
- बालविवाह सम्बन्धी कसूरको उजुरी कसूर भए गरेको थाहा पाएको मितिले तीन महिना भित्र गर्नु पर्दछ । (मुलुकी अपराध ( संहिता) ऐन, २०७४, परिच्छेद-७, दफा १७६)
- बालविवाह हुन लागेको देखेमा वा थाहा पाएमा तुरुन्त प्रहरी कार्यालयमा उजुरी गर्नु पर्दछ ।
- बालविवाहसँग सम्बन्धित सामाजिक कार्य जस्तैः जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र अरुलाई पनि सहभागी नहुन प्रोत्साहन गर्ने ।
- घरपरिवार, समुदाय, समाजमा सहमति विपरित वा उमेर नपुगी विवाहको बारेमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय तहलाई यस किसिमका अपराध रोकथामका लागि जिम्मेवार र जवाफदेही बनाउन पैरवीमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाह तथा सहमति विपरितको विवाह रोकथामका लागि नेपाल प्रहरी लगायत सम्बन्धित निकायहरुमा खवर गर्ने ।

**बालविवाह गरे वा गराएमा के असर हुन्छ ?**
- विवाह गर्ने उमेर नपुगी विवाह गर्दा बालबालिकामा विभिन्न किसिमका शारीरिक तथा मानसिक असर पर्छ ।

**"बालविवाहको विरुद्धमा बोल्नु र त्यसको प्रतिकार गर्नु भनेको बालअधिकारको सुनिश्चित गर्नु हो ।**
**बालविवाहको विरुद्धमा डटेर आवाज उठाउनु हामी सबैको कर्तव्य हो ।"**

जनहितमा जारी सन्देश
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
मधेश प्रदेश, जनकपुरधाम

# सिडिओको सक्रियतमा फतुवा विजयपुरको विवाद साम्य




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटका प्रमुख जिल्ला अधिकारी(सिडिओ) हिरालाल रेग्मीको सक्रियतामा फतुवा विजयपुर नगरपालिकाको विवाद मिलेको छ । विवाद मिलेसँगै प्रमुख प्रशासकीय अधिकृतमा उपसचिव सुरेन्द्र प्रधानले काम शुरु गर्ने भएका छन् ।

पूर्व प्रशासकीय अधिकृतमा वकिल पाललाई राख्ने कार्यवाहक मेयर अम्बेया खातुनको अडान र अन्य जनप्रतिनिधिले प्रधानलाई राख्ने अडान लिएपछि नगरपालिकामा विवाद उत्पन्न भएको थियो । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एकसाता अघि उपसचिव प्रधानलाई त्यहाँ सरुवा गरेको थियो ।

मन्त्रालयको निर्णय अनुसार उपसचिव प्रधान पाँच दिन अघि त्यहाँ हाजिर समेत भएका थिए । उनलाई मेयर बाहेकका जनप्रतिनिधि तथा केही राजनीतिक दलका नेताहरूले स्वागत समेत गरेका थिए ।

विवाद समाधानसँगै यसअघिका प्रमुख प्रशासकीय अधिकृतको रूपमा रहेका वकिल पाल मन्त्रालयको निर्देशन अनुसार आफ्नो दरबन्दीमा जाने भएका छन् । यसका साथै उपसचिव सुरेन्द्र प्रधानलाई दोहरो जिम्मेवारी थपिएको छ ।

यसअघि उनी कटहरिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत रहेका छन् ।

फतुवाविजयपुर नगरपालिकामा निर्वाचित मेयर गोपाल राय यादव लालबकैया नदीको टेन्डरमा दोषी ठहर भएर विशेष अदालतबाट दण्ड सजाय तोकिएपछि उनको पद रिक्त भएको थियो । लगत्तै उपमेयर अम्बेया खातुनले कार्यवाहकको जिम्मेवारी पाएदेखि नै उनी र अन्य जनप्रतिनिधि बिच बजेट भागबन्डाको विषय लिएर पटक पटक विवाद हुँदै आएको छ ।

# रौतहटमा दुई युवकको शव फेला

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा छुट्टाछुट्टै ठाउँमा दुई युवकको शव फेला परेको छ । शनिबार अपराह्न एक युवकको शव फेला परेको थियो भने आइतबार बिहान अर्का एक युवाको शव नदि किनारमा भेटिएको हो ।

गौर स्थित टिकुलियामा २० वर्षीय युवक रोहित सहनीको शव फेला परेको थियो भने आइतबार बिहान राजदेवी नगरपालिका वडा नम्बर ५ पटाही टोल स्थित गढैया बागमती नदीको किनारमा पानीले बगाइ ल्याएको शव फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

घरबाट शौच गर्न निस्किएका सहनीको शव घर नजिकैको केराबारीमा फेला परेको रौतहट प्रहरी प्रवक्ता एलिजा गिरीले बताइन् ।

कुटपिट गरेर सहनीको हत्या भएको मृतकका दाइ सञ्जय सहनीले आरोप लगाएका छन् । भाइको घाँटी थिचेर कुटपिट गरी हत्या भएको उनको दाबी दाबी छ । रौतहट राजदेवी नगरपालिका वडा नम्बर ५ पटाही टोल स्थित गढैया बागमती नदीको किनारमा पानीले बगाइल्याएको नाम, थर, वतन नखुलेको अन्दाजी २४÷२५ वर्षीय युवकको शव पानीमा घोप्टो परी तैरिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएका प्रहरी निरीक्षक उमाशंकर प्रसादको टोलीले फेला पारेको थियो ।

मृतकको कुनै पहिचान नखुलेको र शवलाई प्रादेशिक अस्पताल गौरमा राखिएको हुँदा मृतकलाई चिन्न सक्ने व्यक्ति, आफन्त तथा परिवारका सदस्यहरुले जिल्ला प्रहरी कार्यालय रौतहटमा सम्पर्क अनुरोध गरेको छ ।

दुवै युवकको मृत्यूको विषयमा अनुशन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवम डिएसपी एलिजा गिरीले जानकारी दिइन् ।

**आठ दिनदेखि बेपत्ता एक महिलाको शव फेला**

धनुषाको महेन्द्रनगरबाट आठ दिनदेखि बेपत्ता एक महिलाको शव फेला परेको छ । क्षीरेश्वरनाथ नगरपालिका–५, महेन्द्रनगरकी २८ वर्षीया रुबी यादवको शव सडेगलेको अवस्थामा शनिबार भेटिएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय महेन्द्रनगरका इन्चार्ज प्रहरी निरिक्षक सोनुकुमार साहले मिथिला नगरपालिका–५, स्थित औरही सामुदायिक वनमा ती महिलाको शव भेटिएको बताए । रुबीको श्रीमान् राजनारायण यादव केही महिनाअघि वैदेशिक रोजगारीबाट फर्केका थिए । स्वदेश फर्किएपछि यादवसँग निरन्तर झगडा हुँदै आएको थियो । गत शनिबारदेखि हराइरहेकी रुबीको खोजी गर्न उनका भाइ अनितले इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दिएका थिए । रुबी बेपत्ता भएको उजुरी परेपछि सम्भावित स्थानमा खोजतलास गर्दा शनिबार राति मिथिला नगरपालिका–५, स्थित औरही सामुदायिक वनमा शव फेला परेको प्रहरी निरिक्षक साहले बताए । प्रहरीका अनुसार रुबी बेपत्ता भएको उजुरी पर्ने बित्तिकै रुबीका श्रीमान् राजनारायण यादवलाई प्रहरीले नियन्त्रणमा लिएका थिए । उनले श्रीमतिको हत्या गरेको स्वीकार गरेका छन् । प्रहरी निरिक्षक साहका अनुसार राजनारायणले गत शनिबार घुम्न जाने भनेर औरही सामुदायिक वनमा श्रीमतिलाई लिएर गएको र त्यहीँ हत्या गरेर जङ्गलमा लास फालेको बयान दिएका छन् । प्रहरीले शवपरीक्षणका लागि प्रादेशिक अस्पताल पठाइएको जनाएको छ । घटनाबारे थप अनुसन्धान गर्दै अभियुक्तलाई ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा चलाउने तयारी भइरहेको प्रहरी निरिक्षक साहले जानकारी दिए ।

# सशस्त्र प्रहरी पर्साद्वारा १७ लाख बढीको सामान बरामद




**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरीले पर्साले १७ लाख भन्दा बढी मूल्यको सामान बरामद गरेको छ ।

आइतबार वीरगंज महानगरपालिका वडा नम्बर १६ स्थित भन्सार मेनगेट वरपरको ईलाकाबाट प्रस्तावित सीमा सुरक्षा गुल्म विरगंजबाट खटिएको टोलिले भारतबाट अबैध रुपमा भन्सार छलि नेपालतर्फ ल्याउदै गरेको ११ लाख ५७ हजार रुपैयाँ बराबरको किराना सामान, कस्मेटिक, कपडा, मोटरपार्टस तथा हार्डवयरका सामानहरु बरामद गरेको हो । त्यसैगरी, वीरगंज महानगरपालिकाको वडा नम्बर १ छप्कैयाबाट बि.ओ.पि. सिर्सियाबाट खटिगएको टोलिले भारतबाट अबैध रुपमा भन्सार छली नेपाल तर्फ ल्याउँदै गरेको एक लाख ३२ हजार रुपैयाँ बराबरको कपडा र चप्पल नियन्त्रणमा लिएको सशस्त्र प्रहरीले जनाएको छ ।

त्यस्तै, आइतबार नै वीरगंज महानगरपालिका वडा नम्बर ८ लिङ्क रोड स्थित प्र.सी.सु.गुल्मबाट खटिएको टोली र वीरगंज भन्सार कार्यालयबाट खटिएको संयुक्त टोलिले विशेष सूचनाको आधारमा अबैध रुपमा भन्सार छलि वी. एण्ड अरबिन्द ईन्टरप्राईजेजको गोदाममा भण्डारण गरि राखेको अन्दाजी करिब पाँच लाख रुपैयाँ बराबरको हार्डवयरका सामानहरु फेला परेको हुदा उक्त सामान नियन्त्रणमा लिएको जनाएको छ । बरामद गरिएको सबै सामानलाई आवश्यक कारबाहीको लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

# उपभोग्य वस्तु ल्याउँदा एसएसबीले ज्यादती गरेको गुनासो

**सञ्जय मिश्रा**
**रौतहट ।**
सीमावर्ती भारतीय बजारबाट अतिआवश्यक सामान ल्याउँदा पनि भारतीय सीमासुरक्षा बल एसएसबीले ज्यादतीपूर्ण ब्यवहार गर्ने गरेको रौतहट स्थित सिमाबासिले गुनासो गरेका छन् ।

विवाह, चाडपर्वलगायत विभिन्न धार्मिक अनुष्ठानको लागि भारतीय बजारबाट सामान ल्याउँदा एसएसबीले दुर्व्यवहार गर्ने गरेको उनीहरूले गुनासो गरेका हुन् ।



बौधिमाई नगरपालिका ७ बंकुल बजार छेउ सानो सीमास्तम्भ ३५५÷७ नजिकै आँपको बगैंचामा सशस्त्र प्रहरी ११ नम्बर हेक्का रौतहटद्वारा आयोजीत 'सिमाबासी संग सशस्त्र प्रहरी' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी स्थानीयहरूले आफ्नो पीडासंगै सुझाव राखेका छन् ।

सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एसपी बिक्रम हुमागाईंको प्रमुख आतिथ्य तथा बौधिमाई नगरपालिकाका मेयर प्रदीप कुमार यादवको बिशिष्ट आतिथ्य तथा परोहा नगरपालिकाका जनप्रतिनिधि सम्मिलित भएको कार्यक्रममा भारतीय बजारबाट दैनिक उपभोग्य वस्तु, कृषिजन्य बीउबिजन, मलखाद ल्याउँदा एसएसबीले विभिन्न कारण देखाएर गर्ने हैरानीप्रति सहभागीहरुले ध्यानाकर्षण गराएका थिए ।

तत्कालीन बिद्रोही माओवादी र सरकार बिच भएको १० बर्षे सशस्त्र द्वन्दको समय सुरक्षाको कारण देखाई बन्द भएको बंकुलमा स्थित छोटी भन्सार हालसम्म सञ्चालन नहुँदा स्थानिय ब्यापारी देखि सर्वसाधारण सिमाबासिले शास्ती खेप्नुपरेको हुँदा सञ्चालनको लागि सहभागीहरुले पहल गरिदिन आग्रह गरेका छन् । त्यस्तै हाल बर्षात तथा मनसुनको समय आउनै लागेकाले हुनसक्ने बाढीबाट उत्पन्न हुने जोखिमबाट बच्ने उपाय,सीमा सुरक्षा अपराध न्यूनीकरण बारे स्थानीयहरुले प्रश्न उठाएका थिए ।

सीमासँग जोडिएको पालिकाका बासिन्दाले उत्पादन गरेको कृषिजन्य वस्तु जिल्ला भित्र एक ठाउँबाट अर्को ठाउँमा लैजाँदा हुनेगरेको विभिन्न किसिमका हैरानीको अन्त हुनुपर्ने, सीमाक्षेत्रमा आवतजावत गर्न वारपार हुने सवारीसाधनको व्यवस्थापनको लागि माग गरेका थिए । केही कुपात्रहरुले सामाजिक सञ्जालमा सीमाक्षेत्रमा अबैध गतिबिधि भइरहेको भनेर भ्रम फैलाउने गरेकाले त्यसको सत्यतथ्य छानबिन हुनुपर्ने सिमाबासिले माग गरेका थिए ।

सिमाबासिले राखेको बिभिन्न समस्याहरूको समाधान बारे मेयर प्रदीप कुमार यादव र सीमाको महत्व सुरक्षा बारे उठेको प्रश्नको सशस्त्र प्रहरीका एसपी बिक्रम हुमागाईंले जवाफ दिएका थिए । कार्यक्रममा सुरक्षा अधिकारी, जनप्रतिनिधि सीमा सहजीकरण समितिका पदाधिकारी तथा बौधिमाई र परोहा नगरपालिकाका स्थानियहरुको सहभागिता रहेको सशस्त्र प्रहरी बल रौतहटले जनाएको छ । सशस्त्र प्रहरी बल रौतहटका एसपी हुमागाईंको सक्रियतामा रौतहटमा सिमाबासिको समस्या उजागरसँगै समाधान गर्ने पटकपटक पहल तथा प्रयास हुँदै आएको स्थानीयहरुले बताएका छन् ।

# बर्थिङ सेन्टर सञ्चालनमा आएपछि महिला खुसी

**महोत्तरी ।**
जिल्लाको महोत्तरी गाउँपालिकामा बर्थिङ सेन्टर सञ्चालनमा आएपछि यहाँका महिला खुसी भएका छन् । वर्षौंदेखि प्रसूति सेवा लिन महिला छ किमी टाढा रहेको जिल्ला सदरमुकाम जलेश्वर तथा १८ किमी टाढा रहेको जनकपुर जाने गरेकामा स्थानीयस्तरमा बर्थिङ सेन्टर सञ्चालनमा आएपछि सहज भएको हो । शनिबार महोत्तरी–३ स्थित डाम्हीमडै स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालनमा आएको हो । आफ्नै गाउँठाउँमा प्रसूति सेवा पाउनुपर्ने स्थानीय महिलाको वर्षौंको माग सम्बोधन भएको गाउँपालिकाका अध्यक्ष दिलीपकुमार पाण्डेले बताए । यहाँ आयोजित कार्यक्रममा बर्थिङ सेन्टर उद्घाटन गर्दै उनले प्रसूति सेवा लिन अब मधेस प्रदेशको राजधानी जनकपुर वा अन्यन्त्र जाने बाध्यता अन्त्य भएको जानकारी दिए । अध्यक्ष पाण्डेले असार १ गतेदेखि असार मसान्तसम्म यस बर्थिङ सेन्टरमा जन्मिने शिशुलाई प्रतिशिशु पाँच हजार एक सय रुपैयाँका दरले उपहार दिने घोषणा गरे । उक्त बर्थिङ सेन्टरमा गर्भवतीका लागि नियमित गर्भजाँच, सुत्केरी जाँच तथा प्रसूति सेवा उपलब्ध गराइएको छ । बर्थिङ सेन्टर सञ्चालनमा आएसँगै गर्भजाँचसम्बन्धी सामान्य सुविधाबाट वञ्चित रहेका यहाँका स्थानीय महिलाले नियमित गर्भजाँचसम्बन्धी सम्पूर्ण सेवा पाउने अध्यक्षको पाण्डेको भनाइ छ । रासस

# गङ्गा दशहारा पर्व मनाइयो

**मधेशदृष्टि**
**महोत्तरी ।**
हिन्दूधर्मका अनुयायी आइतबार गङ्गा दशहारा पर्व मनाइएको छ ।

पुराणअनुसार सत्ययुगमा सूर्यवंशी राजा सगरका छोराहरूको मुक्तिका निम्ति भगीरथले तपस्याद्वारा गङ्गालाई पृथ्वीमा ल्याएको मानिने ज्येष्ठ शुक्ल दशमीका दिन मिथिला क्षेत्रमा यो पर्व मनाइने परम्परा छ । गङ्गा स्नान गर्न नसक्नेले नजिकका नदी तथा तलाउमा स्नान गरी यो पर्व मनाउँछन् । सूर्योदयअघि स्नान गरेर आपूm नुहाएको जलाशयलाई गङ्गा रूप मानेर पूजाअर्चना गरिन्छ । यसैगरी शिवजीलाई जलाभिषेक गरेर यो दिन उपवास बसे कायिक (शरीरबाट हुने), वाचिक (बोलीबाट हुने) र मानसिक (चेतनाबाट जानाजान हुने) १० प्रकारका महापाप यस दिनको स्नान र उपवासले नास हुने जनविश्वास छ । जेष्ठ शुक्ल दशमीका दिन गङ्गा स्नान गरेर व्रत बसी अन्न, द्रव्य दान दिनाले महापातक पाप नास हुने हिन्दू मैथिल जनविश्वास रहेको जलेश्वर वडा नम्बर ५ पतैलीका मैथिल लोकपरम्पराका जानकार प्राध्यापक ध्रुव राय बताउँछन् । शनिबार बिहानैदेखि महोत्तरीका रातु, मरहा, अङ्कुशी र जङ्घासहितका नदी र लक्ष्मीसागर, भार्गव, वरुण, पुरन्दर र ध्रुवकुण्डमा स्नान गर्नेको भीड लागेको थियो ।

# गरुडाका डिएसपी र सशस्त्रका इन्स्पेक्टरलाई सम्मान

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मध्यभाग गरुडा स्थित ईलाका प्रहरी कार्यालयमा हालै आएका डिएसपी रामेश्वर त्वान्ती र सशस्त्र बेस क्याम्प दुधियाभारका इन्स्पेक्टर सञ्जित कुमार सिंहलाई सम्मान गरिएको छ । आइतवार रौतहट सुनचाँदी व्यवसायी संघले गरुडा स्थित एक कार्यक्रमको आयोजना गरी नवआगन्तुक डिएसपी रामेश्वर र सशस्त्रका इन्स्पेक्टर सिंहलाई माला लगाएर खाँदा ओढाई सम्मान गरिएको हो ।




संघका अध्यक्ष श्रीअरूण सोनीको अध्यक्षतामा भएको कार्यक्रममा ईलाका प्रहरी कार्यलयगरूडा, प्रमुख डिएस्पी रामेश्वर, इन्स्पेक्टर सिंहलाई संघका पदाधकारीहरुले शान्ति सुरक्षाको लागी ध्यानअकर्षण गराउँदै स्वागत, सम्मानसहित कार्यकाल सफलताको शुभकामना दिएका थिए । सम्मान कार्यक्रममा नेपाल सुन चाँदी व्यवसायी संघका मधेश प्रदेशका सभापति रामजी साह, गरूडा उद्योग वाणिज्य संघका अध्यक्ष सतिश साह, पूर्वअध्यक्ष हरन्द्र प्रसाद चौधरी, बहुमुखी क्याम्पस गरुडाका अध्यक्ष लछुमन साह, उद्योग वाणिज्य संघ महासचिव छठु साह, कोषाअध्यक्ष रमेश साह, हेमलाल साहलगायत दर्जनौं व्यापारीहरूको सहभागितामा रहेको थियो ।

*मानिसलाई बाँच्नका निम्ती एक चिम्टी बल, आधार र प्रेम चाहिन्छ ।*
*– बालकृष्ण सम*

## सम्पादकीय

# बजेटमा केही आसालाग्दा कुरा

*मधेश प्रदेश सरकारले शनिबार ल्याएको बजेटमा केही आसा लाग्दा पाटो पनि देखिएका छन् । विद्यमान अर्थतन्त्रको चुनौती तथा समृद्ध मधेश प्रदेश निर्माणको आकांक्षा पूरा गर्न उर्वर कृषि भूमि सदुपयोग गर्दै कृषिक्षेत्रको पारम्परिक तथा निर्वाहमुखी खेतीप्रणाली व्यावसायिकता खोजी गर्ने सरकारले भनेको छ । रुपान्तरणमार्फत उद्यमशीलता विकास, लगानी प्रवद्र्धन गरी रोजगारी सिर्जना गर्ने र उच्च आर्थिक वृद्धि हासिल गर्ने कार्यमा बजेट परिलक्षित गरिएको सरकारको दाबी छ । सरकारले प्रदेशको आन्तरिक स्रोतको दायरा विस्तार हुनसकेको अवस्थामा पनि बजेटको मुख्य अंश अनुदानमा आधारित भएका कारण संघीय सरकारको अनुदान कटौती भइरहने राजनीतिक अवस्थाका कारण जटिलता देखिँदा आयका लागि करको दायरा बढाउनु पर्ने अवस्था रहेको तर चुनौतीपूर्ण रहेको बाध्यता पनि बताएको छ । सरकारले संघीयता कार्यान्वयनपश्चात मधेश प्रदेश सरकारको प्रथम आवधिक योजना २०७६–७७ मै शुरु भए पनि २००–१ मा समापनको चरणमा रहेकामा मधेश प्रदेशको बहुआयामिक गरिबी दर भने घटेको भन्दै खुशी जनाएको छ । मधेशमा बहुआयामिक गरिबी दर ४७.९ प्रतिशत रहेकामा यसमा सुधार आइ २४.२ प्रतिशत रहेको उल्लेख गरेको छ । यावत् आर्थिक चुनौतीका बीच पनि मधेशमा बहुआयामिक गरिबीको दर घटेको छ ।*

*यसो मधेश सरकारले आर्थिक वर्ष २००–१ मा राज्यको प्रचलित भुक्तानीको कुल गार्हस्थ उत्पादनमध्ये मधेश प्रदेशको योगदान ७ खर्ब ४७ अर्ब ३३ करोड ४० लाख रुपैयाँ रहेको जनाउँदै कुल गार्हस्थ उत्पादनको १३.१ प्रतिशत मधेशले ओगटेको पनि बताएको छ । प्रदेशको कुल गार्हस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान सबभन्दा बढी ५३.९ प्रतिशत देखिएको छ । कृषि र उद्योग क्षेत्रको योगदान क्रमश ३५.३ र १०.० प्रतिशत छ । आर्थिक वर्ष २००–८१ मा मधेश प्रदेशका नागरिकको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन ८९२ अमेरिकी डलर रहने प्रक्षेपण पनि गरिएको छ । कर राजश्वबाट १२ अर्ब ८३ करोड २३ लाख रुपैयाा, अनुदानबाट १३ अर्ब ३३ करोड ४० लाख रुपैयाँ, अन्य राजश्वबाट १ अर्ब ३७ करोड ८४ लाख रुपैयाँ तथा विविध प्राप्तिबाट ८ अर्ब १० करोड २१ लाख रुपैयाा संकलन गर्ने मधेश प्रदेश सरकारको योजना छ । यति हुँदाहुँदै पनि बजेट कार्यान्वयनका लागि मधेश प्रदेश सरकारलाई आन्तरिक ऋण २ अर्ब रुपैयाँ जरुरी छ ।*

*मधेश प्रदेश सरकारले कृषिमार्फत सम्भावना पनि खोजेको छ । कृषि प्रसार सेवाको पहुँच बढाउन ‘किसानको बारीः स्वयम्सेवकको छहारी’ सोच अघि बढाएको छ । यसका लागि सरकारले मधेश प्रदेशभर ५ सय महिला कृषि स्वयम्सेविका परिचालन गर्ने भएको छ । यसवर्ष यो कामका लागि रकम पनि विनियोजन गरिएको छ । यस्तै, मधेश प्रदेशका किसानलाई किसान कार्ड तथा पेन्सन योजना शुरुवात गर्न पनि बजेट विनियोजन भएको छ । धान, गहुँ, तेलहन, दलहनवालीको बीउमा मधेश प्रदेशलाई आत्मनिर्भर बनाउन बिज बृद्धि कार्यक्रम परियोजनाका रुपमा सञ्चालन गर्न बिउबिजन आत्मनिर्भर कार्यक्रम ल्याइएको छ । निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिकीकरण, व्यवसायिकीकरण, बजारीकरण र यान्त्रिकीकरणमा रुपान्तरण गरी किसानलाई सहज बजार पहुँचका लागि कृषि सडक निर्माणसँगै मधेश प्रदेशका १ सय ३६ स्थानीय तहमा पशु नश्ल केन्द्र स्थापना तथा सञ्चालनको योजना बनेको छ । सरकारले कृषिमा खोजेको सम्भावना यथार्थमा परिणत गर्न सके मधेश पक्कै अब्बल बन्ने देखिन्छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# कसले सुन्ला चुरेका कुरा ?

**प्रगति ढकाल**



मुलुकको कार्यपालिका सञ्चालन हुने मुख्य प्रशासनिक केन्द्र सिहंदरबारबाट नजिकैको दूरीमा छ, माइतीघरमण्डला । त्यही मण्डलामा मधेशका चुरेबासीहरु धर्नामा बस्नुभएको पनि आइतबार २५ दिन पुगिसक्यो। चुरेका कुरा काठमाडौँमा सरकार र जनप्रतिनिधिहरुले नसुनेपछि निरासा छाएको छ उनीहरुमा। अब कसले सुन्छ ? भन्ने पनि उनीहरुको गुनासो छ। चुरेबासीको ‘चुरे बचाउ ः पानी दिलाउ’ सरकार भन्दै थालिएको आन्दोलन सरकारका आँखाले देख्नै नसकेको गुनासोसहित नारा जुलुसमा छन्, उनीहरु।

यता आइतबार नै प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’सहितको नेतृत्वको टोली १०औँ चुरे दिवस मनाउन सिराहा जिल्ला गए । मधेश प्रदेशका आठै जिल्लाका चुरे बासिन्दा भने राजधानीमै चुरे बचाउको गुहार माग्दै छन् । रित्तो भाँडा अगाडि राखेर चुरेवासीहरु भन्दैछन्, ‘पानी खै ? हामीलाई पानी देउ सरकार।’

चर्को घामको कुनै प्रवाह नगरी माइतीघरसम्म धर्नामा आउन उहाँहरुलाई बाँकी २५ दिन लाग्यो । चुरेबासीहरु चुरे बचाउ ः पानी दिलाउ सरकार भन्दै चुरेका कुरा राजधानीमा रहेको सरकारलाई सुनाउन घरबाट निस्केको भने ५० दिन पुगिसक्यो । अझै माग सुनुवाइ नभएको उनीहरुको भनाइ छ । चुरे दिवसले उनीहरुमा उत्साह पनि देखिएन । ‘५० दिन भइसक्यो, चुरे बचाऊ ः पानी देउ सरकार भन्दै हामी आन्दोलनमा छौँ’ चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालका संयोजक सुनिल यादव भन्छन्, ‘हामी त सरकारलाई झक्झकाउन सरकारको गेट नजिकै आएका थियौँ, तर सरकारले हाम्रो आन्दोलन नदेखे झैँ गरेको छ।’

चुरेको अत्यधिक दोहनका कारण खानेपानीको मुल सुक्ने, सतहमुनिको पानी सुक्ने, पहिरो तथा भू–क्षयको त्रास बढिरहेको यादव सुनाउँछन्। ‘चुरेका कुरा कोहीले नसुनेर हामी नै चुरेका कुरा सुनाउन राजधानी आएका थियौँ,’ उनी भन्छन्, ‘हाम्रा कुरा सुन्न आजसम्म न सरकारको प्रतिनिधि आए न त राजनीतिक दलका प्रतिनिधि नै। हाम्रो त भोट मात्रै काम लाग्ने रहेछ।’ यादवले आफ्नो माग पूरा नभएसम्म आन्दोलनरत रहने बताए । ‘जबसम्म चुरेका अवैध उत्खनन् रोकिँदैन तबसम्म चुरे दिवसको मनाएर के गर्ने ? हामीमा उत्साह नै छैन’ उनी भन्छन्।

उनलाई मात्रै होइन, चुरे दिवसको उत्साह छैन, माइतीघर मण्डलामै आन्दोलनरत सुनिता यादवलाई पनि। ‘यो चुरे दिवस पोहोरपरार पनि मनाएकै हो क्यारे, तर के उपलब्धि भयो खै ?’ उनी भन्छिन्, ‘चुरे विनाशले चापाकल, पोखरी सुक्दा पानीका लागि टाढा गएर घण्टौं लाइन बस्नुपर्ने बाध्यताले आजित भएर नै हामी घाम र गर्मीको प्रवाह नगरी माइतीघरमा धर्नामा बस्न बाध्य छौँ तर कसैले हाम्रो कुरै सुन्दैन।’ उनले चुरे दोहन र वन विनासका कारण पानीको स्रोत सुक्दै गएको चुरेवासीहरु पानीको सङ्कटबाट गुज्रिनुपरेको भन्दै चुरे संरक्षण र खानेपानीको उपलब्धताका माग गर्दै धर्ना दिइएको जानकारी दिइन्।

चुरे क्षेत्र संरक्षणको मुख्य अख्तियारी पाएको राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका अध्यक्ष डा. किरण पौडेलले पनि चुरेको बढ्दो विनासका कारण खानेपानी सुक्ने तथा प्राकृतिक विपद्को जोखिम बढिरहेको बताए । ‘खानेपानीको स्रोत बचाउन र जमिनमुनिको पानी संरक्षणका लागि पाखरीहरु निर्माण गर्ने योजना बनाएका छौँ’ उनी भन्छन्, ‘पहिरो तथा भू—क्षय नियन्त्रण गर्नका लागि चुरेमा बाँस रोप्न आवश्यक लगानीका लागि वैदेशिक दाताहरुसँग अनुरोध गरिरहेका छौँ।’

समितिका अध्यक्ष डा. किरण पौडेलका अनुसार चुरे आसपासका ३० हजार घर प्राकृतिक विपत्तीको उच्च जोखिममा रहेका छन् । ‘समितिले गरेको अध्यायनअनुसार हालसम्म चुरे क्षेत्रका ३० हजार घर विशेषगरी पहिरोको उच्च जोखिममा रहेका छन्’ उनले भने, ‘ती घरहरु अन्यत्र स्तानान्तरण गर्न नसके ठूलो धनजनको क्षति हुने सम्भावना छ, वस्ती स्तान्तरणका लागि बजेट र अन्तरसरकारी निकायहरुबीचको समन्वय आवश्यक पर्छ।’

### बजेट कम हुँदा गुरुयोजना कार्यन्वयनमा समस्या

समितिका अध्यक्ष पौडेलका अनुसार आवश्यकता अनुसारको बजेट विनियोजन नहुँदा चुरे क्षेत्रको २० वर्षे गुरुयोजना कार्यान्वयनमा चुनौती थपिएको बताएका छन् । चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापनसम्बन्धी २० वर्षे गुरुयोजनाले तोकेको कार्यक्रम र त्यसमा लाग्ने लागतको विपरीत हरेक वर्ष विनियोजन हुने बजेटले गुरुयोजना कार्यान्वयनमा चुनौती देखिएको उनको भनाइ छ। चुरेको गुरुयोजनाले तोकेको कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने लगानी अभाव, जनशक्तिको अभाव, तल्लो तहसम्म संरचनागत विकास नहुँदा गुरुयोजना कार्यान्वयनमा चुनौती थपिदै गएको थप चुनौती उत्पन्न भएको पौडेलले जानकारी दिए। गुरुयोजनाले बर्सेनि नौ अर्बभन्दा बढी लागत आवश्यक पर्नेमा वार्षिक एक अर्ब हाराहारीमा मात्रै बजेट विनियोजन हुँदा समस्या थपिएको उनको भनाइ छ। पौडेलका अनुसार चुरेको गुरुयोजना स्वीकृत भएको पहिलो पाँच वर्षको अवधिलाई मूल्याङ्कन गर्दा अनुमानित लागत भन्दा झन्डै आठ गुणा नै कम बजेट विनियोजन भएको देखिन्छ । ‘गुरुयोजनाको २० वर्षको अवधिमा २०७२ सालको मूल्यमा दुई खर्ब ४९ अर्ब ७० करोड एक लाख ९६ हजार रुपैयाँ लगानी आवश्यक पर्ने अनुमान गरिएको छ।

गुरुयोजना तर्जुमा गरेको (२०७२) पहिलो पाँच वर्षको लागि अनुमानित लागतमध्ये पहिलो वर्ष नौ अर्ब ८७ करोड रुपैयाँ, दोस्रो वर्ष १८ अर्ब २४ करोड रुपैयाँ, तेस्रो वर्ष २१ अर्ब २० करोड रुपैयाँ, चौथो वर्ष १८ अर्ब ४८ करोड रुपैयाँ र पाँचौं वर्ष १३ अर्ब पाँच करोड ३६ लाख ९६ हजार रुपैयाँ लगानी आवश्यक पर्ने अनुमान छ। तर अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षका लागि विनियोजन गरेको बजेटमा चुरे क्षेत्रका लागि एक अर्ब पाँच करोड रुपैयाँ बजेट रहेको छ ।

चुरेमा अव्यवथित तरिकाले निर्माण हुने भौतिक पूर्वाधार, चुरेको अत्याधिक दोहन, समन्वयको अभाव, राजनीतिक दलको कम चासो, अप्रयाप्त बजेटलगायतका चुरे क्षेत्रको संरक्षणका मुख्य चुनौतीहरु रहेका छन् ।

### के हो चुरे ?

समितिका अनुसार हिमालय क्षेत्रको दक्षिण तराईबाट उत्तरतिर हेर्दा तराईको समथर मैदान पछि देखिने उठेको पहिलो उभार तथा महाभारतबाट दक्षिणतर्फ ओर्लिंदा समथर तराई आउनुअघिको अन्तिम पर्वतीय क्षेत्र नै चुरे हो। चुरेलाई चुरिया वा शिवालिक पर्वत पनि भनिन्छ। खुकुलो पत्रे चट्टान र कमलो माटोले बनेको चुरे क्षेत्रको भू–भाग नेपालको पुर्व–पश्चिम फैलिएको छ । पाकिस्तानको इन्दस नदीदेखि नेपाल हुँदै भारतको ब्रह्मपुत्र नदीसम्म फैलिएको चुरेले नेपालको कूल क्षेत्रफलको १२.७८ प्रतिशत भू–भाग ओगटेको छ । नेपालभित्र चुरे क्षेत्रले पूर्वको इलामदेखि सुदूरपश्चिमको कञ्चनपुरसम्म ३७ जिल्लाका भू–भागलाई छोएको छ।

भूगोलविद्हरूको अध्ययन अनुसार करिब चार करोड वर्षअघि हिमालय उत्पत्तिका क्रममा गेग्रान थुप्रिएर चुरे क्षेत्र निर्माण भएको हो। उत्तरबाट हिउँ पग्लेर बग्दै आउने नदी महाभारत क्षेत्र हुँदै अन्तिममा चुरेबाट तराईतिर बग्छन्। त्यसैले पनि यो कमलो ढुङ्गामाटोले बनेको क्षेत्र पर्यावरणीय दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ । चुरेको फेदीमा नदीले बगाएर ल्याएका ढुङ्गा, गिटी, बालुवा र कङ्कडले बनेको भावरको समथर भू–भाग छ। यसले दक्षिणी समथर तराईका लागि पानी सञ्चित गरी भूमिगत जल भण्डारणमा महत्वपूर्ण भूमिका खेल्छ। नेपालको चुरे क्षेत्रले जम्मा जङ्गलको ७३ प्रतिशत भू–भाग ओगटेको छ । करिब चार करोड वर्ष पहिले हिमालयको उत्पत्तिको क्रममा नदीजन्य पदार्थहरु थुप्रिएर बनेको सबैभन्दा कान्छो र कमजोर पहाड श्रृंखलाला नै चुरे हो । अधिकांश ठाउँमा तराईको भू–भाग सकिएर माथि उठेको भू–भाग तथा महाभारत क्षेत्रको भू–भागबाट ओर्लिंदा भेटिने अन्तिम पहाडका रुपमा चुरेलाई लिइन्छ। सबैभन्दा कान्छो पहाडको रुपमा परिचित चुरेको भू–बनावट निकै कमजोर छ । पछिल्लो समय चुरे दोहनका कारण त्यस क्षेत्रमा हुने आर्थिक सामाजिक, भौगालिक, प्राकृतिक तथा मानवीय क्षतिको विषयमा सरोकारवालाहरु गम्भीर बनेका छन्।

विज्ञका अनुसार चुरेको विनाश थालिएको ६० वर्ष भयो । विसं २०११ सालको विनाशकारी बाढीपहिरोपछि पहाडका मानिस चुरे आसपासमा झरेर वसोवास गर्न थालेको र त्यसपछि चुरे क्षेत्रको वन विनाश हुन थालेको समितिको भनाइ छ । २०१३ सालमा अमेरिकी सहयोग नियोगको सहयोगमा नेपालमा औलो उन्मूलन अभियान सुरु भयो । त्यसपछि पहाडबाट तराई झर्ने क्रम तीव्र भयो । त्यसको प्रत्यक्ष असर चुरे पर्वत शृंखलामा पर्न गएको देखिन्छ। विसं २०१८ पछि राजा महेन्द्रले नेपाली कांग्रेसले सुरु गरेको प्रजातन्त्र पुनर्बहाली आन्दोलन कमजोर पार्न पहाडका भूतपूर्व सैनिकलाई तराईको वनजङ्गल फँडानी गरी पूर्वका उदयपुर, झापा, मोरङ र सुनसरीका ‘झोरा’ मा बसोबास गराउन थालेका थिए। वीरेन्द्र राजा भएपछि मात्र यो क्रम रोकिएको हो।

चुरे विनाशका कारण चुरे क्षेत्रको अस्तित्व नै समाप्त हुने खतारा बढ्न थालेपछि नेपाल सरकार, अन्य सरोकोरवाला निकायहरु ‘चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई भन्ने नाराका साथ चुरे संरक्षणमा लागि परेका छन् । कमजोर र निकै संवेदनशील भौगिलिक क्षेत्रमा रुपमा चिनिने चुरे क्षेत्रको विनासले त्यस क्षेत्रको प्राकृतिक विनास बढ्दै गइरहेको भन्दै सरोकारवाला निकायहरुले संरक्षणका लागि दबाब दिदै आइरहेका छन्।

### सरकारले ल्यायो चुरे संरक्षण कार्यक्रम

चुरे क्षेत्रमा भइरहेको वातावरणीय विनास र त्यस क्षेत्रमा परेको नकरात्मक असरलाई न्यूनीकरण गर्ने उद्देश्यले वन तथा भू–संरक्षण मन्त्रालयको मातहतमा आर्थिक वर्ष २०६७÷६८ देखि नै राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालन भयो । यस कार्यक्रमलाई अझै प्रथामिकता दिदै थप प्रभावकारिता बनाउन वातावरण संरक्षण क्षेत्र घोषणा गर्दै २०७२ असार २ गतेदेखि राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समितिको गठन भएको हो । समिति गठनसँगै चुरे संरक्षणको कार्यक्रमको प्रभावकारिता तथा प्रचारप्रसार बढ्न थालेको छ । सर्वसाधारणहरु पनि चुरे संरक्षण गर्नुपर्छ भन्ने मानसिकता विकास गर्न थालेका छन्।

चुरे संरक्षणलाई प्रभावकारी बनाउँदै चुरेलाई पुरानै अवस्थामा फर्काउनका लागि चुरेको संरक्षणका भावी र दिगो योजना सहित सरकारले चुरे क्षेत्रको २० वर्षे गुरुयोजना समेत तयार गरिएको हो। देशको ५१ प्रतिशत जनसंख्या रहेको चुरे क्षेत्रको दिगो विकास तथा संरक्षणका कार्यक्रम चुरे संरक्षणका लागि अपरिहार्य रहेको बताउँछन्, चुरेविद् विनाद भट्ट । चुरेको गुरुयोजनाले तोकेअनुसारको लक्ष्य प्राप्ति नभएको भन्दै उनले चुरे क्षेत्रको संरक्षणमा सबै तहको समन्वयकारी भूमिका आवश्यक रहेको समेत उनले औल्याए । रासस

# बूढीगण्डकी जलविद्युत् आयोजनालाई अघि बढाउन आग्रह



**काठमाडौँ ।**
नेपाली कांग्रेसका सांसद विश्वप्रकाश शर्माले थालनी गरिएका बूढीगण्डकी बहुद्देश्यीय जलविद्युत् आयोजनालगायत राष्ट्रिय आयोजना बजेट अभाव र सञ्चालनको अन्योलमा पर्न नहुने बताएका छन् । प्रतिनिधिसभाको शनिबारको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तर्गत विभिन्न मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिँदै सांसद शर्माले बूढीगण्डकी आयोजना कसले, कसरी र कहिले बनाउने भन्नेमा सरकार स्पष्ट हुनुपर्ने उल्लेख गरे । उनले भने, 'एकपटक विदेशी कम्पनीलाई जिम्मा दिने निर्णय गरेर फिर्ता गरेका छौँ । यसका लागि सहुलियत ऋण भेटिए राम्रो हो । तर ऋणको पासोमा पर्नेगरी विदेशीको महँगो ऋण लिनु हुँदैन ।'
सांसद शर्माले उक्त आयोजनाका लागि मुअब्जा वितरणको काम लगभग पूरा भएको उल्लेख गर्दै कुन ढाँचामा आयोजना अगाडि बढाउने भन्ने विषयको प्रतिवेदन प्राप्त भइसकेको अवस्थामा सरकारले कुन ढाँचामा जाने भन्ने निर्णय समयमा गर्नुपर्ने बताए । उनले यसका लागि सरकार, डास्पोरा–निजी (जिडिपी) क्षेत्र ढाँचा उपयुक्त विकल्प हुनसक्ने सुझाव दिँदै बजेट अभाव छ वा सङ्कटको अवस्था छ भनेर भाग्ने काम उचित नहुने बताए । चुनौतीको सामना गरी मुलुकको विकास गर्न सकिएको अन्य मुलुकको असल अभ्यासलाई आत्मसात गर्न सांसद शर्माले आग्रह गरे । सांसद शर्माले उक्त आयोजनालाई अगाडि बढाइ सो क्षेत्रमा 'नेप्लिज फल्स' नामक पर्यटकीय गन्तव्य बनाउन सकिने बताए । सो आयोजना अघि बढाउन सत्तापक्ष र प्रतिपक्ष एक ठाउँमा उभिने उनले विश्वास व्यक्त गरे । रासस

# नयाँ चरणको आर्थिक सुधारलाई अघि बढाऔँः वाग्ले



**काठमाडौँ ।**
प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्लेले नयाँ चरणको आर्थिक सुधारलाई अघि बढाउन सुझाव दिएका छन् । विनियोजन विधेयक, २०८१ सम्बन्धी प्रतिनिधिसभाको आजको बैठकमा भएको छलफलमा उनले विश्वसनीयता र क्षमताको सुधार, चालु खर्चलाई नियमन साथै अर्थतन्त्रको आकार बढाउने विषयमा ध्यान दिन सुझाव दिए । सांसद वाग्लेले लामो समयपछि अर्थतन्त्रको आकार प्रक्षेपित ३० प्रतिशतभन्दा कममा आएकाले यसलाई सुरक्षित अवतरणको चरणका रुपमा रहेको टिप्पणी गरे । उनले सिङ्गो सदन 'न्युनमोरेटर'मा फोकस गरिरहेकाले 'डिमोरेटर'मा ध्यानदिनुपर्नेमा जोड दिए । उनले भने, '१७÷१८ खर्बको बजेट हैन कि ५७÷६० खर्बको अर्थतन्त्रको आकार बढाउनेमा गयौँ भने यो बजेट विनियोजन विधयेकमा गइरहेको अधिक ध्यान गौण हुने मेरो बुझाइ छ ।' सङ्घीय मामिला तथा सामान्य प्रशासन, ऊर्जा, जलस्रोत तथा सिँचाइ र अर्थ मन्त्रालयअन्तर्गतको विभिन्न शीर्षकमाथिको छलफलमा सांसद वाग्लेले परम्परागत ऊर्जाको स्रोतबाट आधुनिक ऊर्जाको स्रोततर्फ जानुपर्ने बताए ।
त्यसका लागि विद्युत् उत्पादन, प्रसारण र खपततर्फ बजेट विनियोजनले महत्व दिनुपर्नेमा उनको जोड थियो । उनले मनसुन र अन्य समयमा ऊर्जा उत्पादनबीच सन्तुलन नहुँदा ऊर्जा असुरक्षा बढेकोतर्फ ध्यानाकर्षण गराए । सांसद वाग्लले बजेटको लक्ष्य र जानुपर्ने दिशा ठीक भएको बताए । यसको कार्यान्वयका लागि पूँजीको खाडल पूर्तिलाई सहजीकरण आवश्यक भएकाले निजी क्षेत्रको सहभागितामा उनले जोड दिए । रासस

# श्रम क्षेत्रका विकृति अन्त्य गर्न केन्द्रित छुः मन्त्री



**काठमाडौँ ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले श्रम क्षेत्रका विकृति अन्त्य, सामाजिक सुरक्षा प्रवद्र्धन र भ्रष्टाचार नियन्त्रणमा देखिने गरी आफ्नो नेतृत्वमा कार्यसम्पादन भएको दाबी गरेका छन् । मन्त्रालयको जिम्मेवारी सम्हालेको एक सय दिन पुगेको सन्दर्भमा आइतबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)को गभर्निङ बडीमा नेपालको प्रतिनिधित्व र भ्रष्टाचारको शून्य अभियानलाई पनि आफ्नो कार्यकालको प्रमुख उपलब्धिका रुपमा रहेको स्पष्ट पारे । मन्त्री अर्यालले भैँसेपाटीस्थित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानलाई उत्कृष्ट तालिम केन्द्रका रुपमा विकास गर्ने र त्यहाँ तालिमप्राप्त जनशक्तिलाई वैदेशिक रोजगारमा भन्दा स्वदेशमै रोजगारी प्रदान गर्ने सोच सरकारको रहेको बताए । उनले श्रमिकलाई थप आर्थिक भार तथा बोझ दिने गरी विगतमा भएका निर्णय तथा जारी भएका कार्यविधिको असर तथा प्रभाव अध्ययन गरी केही कार्यविधि खारेज, स्थगन तथा परिमार्जन प्रक्रिया अघि बढाइएको बताए ।
वैदेशिक रोजगारमा जाने श्रमिकले मासिक न्यूनतम पाँच सय अमेरिकी डलर पाश्रिमिक पाउनुपर्छ भन्ने आफूहरुको जोड रहेको बताउँदै उनले वैदेशिक रोजगारका क्षेत्रमा हुँदै आएको ठगी रोक्न सरकारले अध्ययन गरिरहेको जानकारी दिए । नेपाली युवाहरु रोजगारीका लागि बाध्यात्मक रुपले विदेशिनुपर्ने अवस्थालाई अन्त्य गर्न देशभित्रै मर्यादित काम तथा उत्पादनशील रोजगारी पाउने वातावरण सुनिश्चित गर्ने प्रमुख उद्देश्यका साथ तीनै तहका सरकार एवं निजी क्षेत्र र सरोकारवालाको सक्रिय सहभागितामा सातै प्रदेशमा रोजगार मेला आयोजना गरिएको उनको भनाइ थियो । रासस

# मन्त्रालयका विभिन्न शीर्षकमा खर्च कटौतीको प्रस्ताव



**काठमाडौँ ।**
प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरुले विनियोजन विधेयक, २०८१ अन्तर्गत सङ्घीय मामिला तथा सामान्य प्रशासन, ऊर्जा, जलस्रोत तथा सिँचाइ र अर्थ मन्त्रालयका विभिन्न शीर्षकमा खर्च कटौतीको प्रस्ताव प्रस्तुत गरेका छन् । बैठकमा नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले विनियोजन विधेयक, २०८१ अन्तर्गत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको शीर्षकको खर्च कटौतीको प्रस्ताव प्रस्तुत गरे । उनले नीतिगत असहमतिको व्यहोरा प्रस्तुत गर्दै यस मन्त्रालयका पदाधिकारीहरुले पाउने विभिन्न शीर्षकको भत्ताको खर्च कटौती गर्नुपर्ने बताए । 'पदाधिकारीहरुको पारिश्रमिक र अन्य तलबभत्तालगायत व्यवस्था गरिएको छ' सांसद खतिवडाले भने, 'यसबाट खर्चमा अपारदर्शिता, फजुल खर्च देखिने हँुदा आव २०७९÷८० मा एक लाख रुपैयाँ र आगामी आव २०८१÷८२ मा पनि एक लाख रुपैयाँ विनियोजन गरिएको छ । तसर्थ यस शीर्षकलाई एक रुपैयाँ गरियोस् ।'
सांसद खतिवडाले आगामी आव २०८१÷८२ को बजेट सङ्घ केन्द्रित भएको टिप्पणी गरे । 'हामीले स्थानीय तह बलियो बनाउनुपर्ने हो । तर स्थानीय तहभन्दा बजेट सङ्घमा बढी केन्द्रित भएको छ' उनले भने । सुशासन कायम गर्नुपर्नेमा जोड दिँदै सांसद खतिवडाले सरुवा बढुवामा पारदर्शिता हुनुपर्ने बताए । सङ्घीय संसद्मा आन्दोलनरत कर्मचारीको माग सम्बोधनका लागि ध्यानाकर्षण गराउँदै सांसद खतिवडाले भने, 'संसद्मै कर्मचारीहरु कालोपट्टी बाँधेर बस्नुभएको छ । उहाँहरुको माग सम्बोधन हुनुपर्छ । संसद् चलाउन उहाँहरुको पनि आवश्यकता छ ।'
स्वतन्त्र सांसद डा अमरेशकुमार सिंहले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अर्थमन्त्रालय शीर्षकको खर्च कटौती प्रस्ताव प्रस्तुत गरे । उनले बजेटमा सबै सांसदले अपनत्व ग्रहण गर्न नसक्ने टिप्पणी गरे । 'अर्थमन्त्रीको निर्देशनमा यो बजेट माओवादी केन्द्रका सांसद र व्यापारीले बनाएको जस्तो देखिन्छ', उनको आरोप थियो । सांसद सिंहले साधारण खर्च कटौती गर्नसक्नुपर्ने उल्लेख गर्दै आर्थिक मन्दी हटाउने विषय बजेटले समेटन नसक्ने बताए । नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का सांसद प्रेम सुवालले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अर्थ मन्त्रालयका शीर्षकको खर्च कटौती प्रस्ताव प्रस्तुत गरे । उनले कर प्रणाली सुधारबारे बजेटमा स्पष्ट नभएको टिप्पणी गर्दै विद्युत्भार कटौतीका विषयमा ध्यानाकर्षण गराए ।
नेपाली कांग्रेसका सांसद मुक्ताकुमारी यादवले ऊर्जा, जलस्रोत र सिँचाइ मन्त्रालयको खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै शीर्षक नखुलेका रकममा व्यापक अनियमितता हुने गरेको भन्दै खर्च कटौतीको माग गरिन् । तराई–मधेशमा सिँचाइको समस्याबारे सरकारको ध्यानाकर्षण गराउँदै सांसद यादवले सिँचाइ र विद्युत् मिटर निःशुल्क गर्न माग गरिन् । दुई सयभन्दा बढी पालिकामा प्रमुख प्रशासकीय अधिकृत रिक्त रहेकोप्रति उनले ध्यानाकर्षण गराइन् । तुरुन्तै प्रतिफल दिने आयोजनामा अर्थमन्त्रालयले लगानी गर्नुपर्ने सांसद यादवको भनाइ थियो । यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, सोही पार्टीका सांसद रोशन कार्की र नेपाली कांग्रेसका श्यामकुमार घिमिरेले खर्च कटौतीको प्रस्ताव राखे । अध्यक्ष लिङ्देनले भने, 'हामीले सदनमा जति छलफल गरे पनि संशोधन हुँदैन, परिवर्तन हुँदैन । रेकर्डका लागि मात्र हामी यो बजेटप्रति असहमति जनाउन यहाँ उभिएका छौँ ।' नेपाली कांग्रेसका सांसद घिमिरेले चालु खर्च मुलुकले धान्न नसक्ने गरी बढेकामा चिन्ता व्यक्त गर्दै रणनीतिक सडकका लागि तीन करोड रुपैयाँ मात्र विनियोजन भएकामा असन्तुष्टि व्यक्त गरे । रासस

# मिडिया काउन्सिल विधेयकलाई अगाडि बढाउन सुझाव

**काठमाडौँ ।**
प्रेस काउन्सिल नेपालले 'मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'लाई संविधानको मूल मर्म र भावनाअनुरुप अगाडि बढाउन सुझाव दिएको छ । राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिको आइतबारको बैठकमा 'मिडिया काउन्सिल विधेयक, २०८०'बारे प्रेस काउन्सिलसँगको छलफलका क्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले संविधानमा उल्लेख भएको पूर्ण प्रेस स्वतन्त्रताको मर्म विपरीत सरकारले मिडिया काउन्सिल विधेयक ल्याएको भन्दै आपत्ति जनाए । उनले भने, 'मिडिया काउन्सिल विधेयकको प्रस्तावनामै नभएको र पहिलाको काउन्सिल ऐनमा समेत नभएको मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई काउन्सिलको सदस्य बनाउने विषय विधेयकमा आएको छ, यसले काउन्सिललाई सरकारले आफ्नो नियन्त्रणमा ल्याउन खोजेको देखिन्छ, यो बारेमा पर्याप्त छलफल हुन जरुरी छ ।'
अध्यक्ष पद रिक्त रहेको वा निलम्बनमा रहेको अवस्थामा अध्यक्ष नियुक्ति नभएसम्मका लागि कार्यवाहक अध्यक्षका रुपमा सदस्य (मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत)ले बैठक बोलाउन र सो बैठकको अध्यक्षता गर्ने व्यवस्था गरिएकोप्रति असन्तुष्टि व्यक्त गरे । मिडिया काउन्सिल विधेयकको प्रस्तावनामा 'पत्रकारिता क्षेत्रमा पेसागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवद्र्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरचनाका लागि स्वायत्त नियामक निकायका रुपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले सङ्घीय संसद्ले यो ऐन बनाइएको छ,' भनिएको छ ।
सांसद घनश्याम रिजालले विधेयकमा कसलाई मिडिया भन्ने र कसलाई मिडिया नभन्ने बारेमा प्रस्ट हुनुपर्नेमा जोड दिए । सांसद जीतजङ्ग बस्नेतले मस्यौदा संविधान र प्रेस स्वतन्त्रताको मर्म विपरीत आएको बताए । सांसद डा वेदुराम भुसालले सम्बन्धित निकाय र विज्ञको सल्लाह तथा सुझावका आधारमा मात्रै मिडिया काउन्सिल विधेयकलाई अगाडि बढाउनुपर्नेमा जोड दिए । रासस

# केन्द्रीय नेता स्वतः महाधिवेशन प्रतिनिधि हुने

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले केन्द्रीय नेताहरू महाधिवेशन प्रतिनिधि बन्न तल्लो तहका कार्यकर्ताबाट अनुमोदित हुन नपर्ने व्यवस्था गरेको छ । तल्लो तहबाट प्रतिनिधि चुनिएर आउनुपर्ने व्यवस्थाले केही नेताहरू निर्वाचित हुन नसक्ने भएपछि केन्द्रीय कमिटीलाई महाधिवेशन प्रतिनिधि बन्न पाउने नियम बनाइएको केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । यसअघि केन्द्रीय परिषद् बैठकले महाधिवेशनमा लोकतान्त्रिक पद्धतिबाट नेतृत्व चयन गर्न तथा नेतालाई कार्यकर्ताप्रति थप जिम्मेवार बनाउन पार्टीको केन्द्रीय अध्यक्षदेखि सामान्य नेतासमेत कार्यकर्ताबाट अनुमोदित भएर महाधिवेशन प्रतिनिधि आउनुपर्ने व्यवस्था गरेको थियो ।
केन्द्रीय आयोगका सदस्यहरू पनि केन्द्रीय नेतासँगै प्रतिनिधिका रूपमा छनोट हुनेछन् । विभिन्न निर्वाचन क्षेत्र तथा कलस्टरबाट चुनिएर आउने व्यवस्था कायमै राखिएकाले त्यस क्षेत्रबाट आउने प्रतिनिधि तल्लो तहका कार्यकर्ताबाट अनुमोदित हुनुपर्ने छ । बैठकले केन्द्रीय तहका नेताको व्यवस्थापनमा आएको समस्या समाधान गर्न उनीहरुलाई स्वतः प्रतिनिधि छनोट गर्न लागिएको विभाग प्रमुख खतिवडाले जानकारी दिए । एक सय २५ जना कार्यकर्ता बराबर एकजना प्रतिनिधि छनोट गरिने छभने दलित, युवा, महिला समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिएको छ । नयाँ नेतृत्व चयन गर्ने पार्टीको दशौँ महाधिवेशन यही असार १६ देखि २० गतेसम्म हुँदैछ । रासस

# सङ्घीयताले अनावश्यक आर्थिक बोझ बढ्योः केसी

**काठमाडौँ ।**
राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले सङ्घीयताले अनावश्यक अनुत्पादक आर्थिक बोझ बढाउँदै लगेको बताएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तर्गत विभिन्न मन्त्रालयअन्तर्गतको विनियोजन शीर्षकमाथिको छलफलमा उनले दातृराष्ट्र र अन्य निकायबाट ऋण लिएर कतिदिन सङ्घीयताको भारी बोक्ने भनेर प्रश्न गरे । 'मुलुकको आम्दानीको करिब ९० प्रतिशत रकम साधारण खर्चमा विनियोजन गर्नुपर्ने अवस्था छ । साधारण खर्चको बोझ सङ्घीयता नै हो । ऋण लिएर सङ्घीयता धान्ने कुरा सही होइन' अध्यक्ष केसील भने । आर्थिक वर्ष २०८१÷८२ को बजेटमा स्थानीय तह र प्रदेशका लागि झण्डै रु पाँच खर्ब ५० अर्ब विनियोजन भएको उल्लेख गर्दै अध्यक्ष केसीले प्रदेश सञ्चालन गर्न केन्द्रले नै बजेटको व्यवस्था गर्नुपर्ने अवस्थाका कारण मुलुकको आर्थिक अवस्था कमजोर भएको बताए । 'प्रदेशको आन्तरिक आम्दानीको स्रोत अत्यन्त कम छ । कुनै प्रदेशको वार्षिक आम्दानी १५ करोड रुपैयाँ पनि देखिन्न । यस्तो अवस्थामा प्रत्येक वर्ष प्रदेशलाई बजेट विनियोजन गरेर कुनै उपलब्धि हुँदैन' उनले भने । रासस

# राष्ट्रपति पौडेल बर्लिनमा औपचारिक भेटवार्ता



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेल सङ्घीय गणतन्त्र जर्मनीको औपचारिक भ्रमणका क्रममा जेनेभाबाट बर्लिन पुगेका छन् । उनी आफ्ना समकक्षी डा फ््र्याङ्क –वाल्टर स्टीनमेयरको मैत्रीपूर्ण निमन्त्रणामा जर्मनीको औपचारिक भ्रमणमा गएका हुन् । राष्ट्रपति पौडेल नेतृत्वको प्रतिनिधिमण्डललाई शनिबार अपराह्न बर्लिन ब्रान्डेनवर्ग अन्तरराष्ट्रिय विमानस्थलमा जर्मनीका लागि नेपालका राजदूत रामकाजी खड्का तथा उहाँकी धर्मपत्नी, जर्मनीका राष्ट्रपतिको सङ्घीय परराष्ट्रमामिला कार्यालयका वरिष्ठ अधिकारीले स्वागत गर्नुभएको बर्लिनस्थित नेपालको राजदूतावासले जनाएको छ । राष्ट्रपति पौडेलका साथ प्रथम महिला सविता पौडेल, राष्ट्रपतिका परराष्ट्र मामिलाविज्ञ डा सुरेशचन्द्र चालिसे, परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्साल, राष्ट्रपतिको कार्यालयका सचिव डिल्लीराम शर्मा तथा राष्ट्रपतिको कार्यालय र परराष्ट्र मन्त्रालयका वरिष्ठ अधिकारीहरु छन् ।
राष्ट्रपति पौडेल र जर्मनीका राष्ट्रपतिबीच सोमबार औपचारिक भेटवार्ताको कार्यक्रम रहेको उक्त दूतावासले जनाएको छ । विसं २०४३ पछि राष्ट्रप्रमुखको तहमा नेपालबाट भएको यो पहिलो भ्रमण हो । नेपाल र जर्मनीबीच २०१४ साल चैत २२ गते कूटनीतिक सम्बन्ध स्थापना भएको हो । त्यसयता दुई देशबीचको सम्बन्ध आपसी समझदारी र सहयोगका आधारमा प्रगाढ बन्दै गएको छ । राष्ट्रपति पौडेल यही असार ५ गते स्वदेश फर्कन कार्यक्रम छ । रासस

# एघार महिनामा ४४ प्रतिशत मात्रै पुँजीगत खर्च



**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८०÷८१ को ११ महिना अवधिमा सरकारको विकास खर्च ४४ दशमलव ६७ प्रतिशत मात्रै देखिएको छ । यही अवधिमा सरकारले चालुतर्फ वार्षिक लक्ष्यको ७२ दशमलव छ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ७२ दशमलव सात प्रतिशत बराबर बजेट खर्च गरेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । चालु आवका लागि सरकारले कूल १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँ बराबरको बजेट ल्याएको थियो । सोमध्ये चालु शीर्षकमा ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख रुपैयाँ बराबर विनियोजन भएकामा जेठ मसान्तसम्ममा आठ खर्ब २२ अर्ब ८० करोड ९३ लाख रुपैयाँ बराबर खर्च भएको छ ।

पुँजीगत शीर्षकमा सरकारले तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख रुपैयाँ बराबरको बजेट विनियोजन गरेकामा जेठ मसान्तसम्ममा एक खर्ब ३४ अर्ब ९७ करोड ९२ लाख रुपैयाँ बराबर मात्रै खर्च भएको छ । पुँजीगत शीर्षकमा हालसम्म खर्च भएको यो रकम सुरुआती लक्ष्यको ४४ दशमलव ६८ प्रतिशत बराबर मात्रै हो । वित्तीय व्यवस्था शीर्षकमा चालु आर्थिक वर्षका लागि तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख रुपैयाँ बराबर विनियोजन भएकामा ७२ दशमलव सात प्रतिशत अर्थात् दुई खर्ब २३ अर्ब ५० करोड ८८ लाख रुपैयाँ बराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकको बजेट सरकारी ऋणको साँवाब्याज तिर्नमा खर्च हुने गरेको छ ।

यो अवधिसम्मको सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ६४ दशमलव १५ प्रतिशत बराबर मात्रै रहेको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट देखिन्छ । चालु आर्थिक वर्षका लागि सरकारले १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख रुपैयाँ बराबर राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा नौ खर्ब ४४ अर्ब ५८ करोड ९४ लाख रुपैयाँ बराबर खर्च भएको छ । सोमध्ये, कर राजस्व शीर्षकमा १३ खर्ब पाँच अर्ब ४९ करोड ९६ लाख रुपैयाँ बराबर असुली गर्ने सरकारी लक्ष्य रहेकामा हालसम्म ६३ दशमलव पाँच प्रतिशत अर्थात् आठ खर्ब २९ अर्ब तीन करोड ९२ लाख रुपैयाँ बराबर सङ्कलन भएको छ ।

गैरकर राजस्वतर्फ सरकारले एक खर्ब १७ अर्ब छ करोड २१ लाख रुपैयाँ बराबर उठाउने लक्ष्य राखेकामा हालसम्म वार्षिक लक्ष्यको ७७ प्रतिशत अर्थात् ९० अर्ब एक करोड रुपैयाँ बराबर मात्रै सङ्कलन भएको देखिन्छ । चालु आर्थिक वर्षका लागि सरकारले ४९ अर्ब ९४ करोड ३० लाख रुपैयाँ बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखेको थियो ।

हालसम्म उठेको वैदेशिक अनुदानको अवस्था हेर्दा वार्षिक लक्ष्यको पाँच दशमलव ५२ प्रतिशत अर्थात् दुई अर्ब ७५ करोड ८० लाख रुपैयाँ बराबर मात्रै सङ्कलन भएको देखिन्छ । मुलुकको अर्थतन्त्रमा सुधार हुन नसक्नुमा सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्र कमजोर रहेको भन्दै आलोचना भइरहँदा पुँजीगत खर्चको अवस्था कमजोर देखिनु, चालु र वित्तीय व्यवथा शीर्षकको खर्च बढ्दै जानु, लक्ष्य अनुसार राजस्व सङ्कलन हुन नसक्नु तथा वैदेशिक अनुदान उठाउन नसक्नु प्रमुख समस्याका रुपमा देखिएका छन् । रासस

# अस्ट्रेलिया र इङ्ल्यान्ड सुपर आठमा




**मधेशदृष्टि**
**वीरगंज ।**
आइसिसी टि–ट्वान्टी विश्वकप क्रिकेट–२०२४ अन्तर्गत समूह ‘बी’बाट अस्ट्रेलिया र इङ्ल्यान्ड विश्वकपको सुपर आठमा प्रवेश गरेका छन् । सेन्ट लुसियास्थित डारने शामी राष्ट्रिय क्रिकेट मैदानमा भर्खरै सम्पन्न खेलमा अस्ट्रेलियाले स्कटल्यन्डलाई पाँच विकेटले पराजित गरेसँगै अस्ट्रेलिया र इङ्ल्यान्ड विश्वकपको सुपर आठमा पुगेका हुन । चार खेलमा आठ अङ्कका साथ शीर्ष स्थानमा रहँदै अस्ट्रेलिया सुपर आठमा पुगेको हो भने समान खेल खेलेको इङ्ल्यान्ड पाँच अङ्कका साथ दोस्रो स्थानमा रहँदै सुपर आठमा पुग्न सफल भएको हो ।

समान पाँच अङ्क बटुलेको स्कटल्यान्ड नेट रनरेटका आधारमा तेस्रो स्थानमा रहेपछि सुपर आठमा पुग्न असफल भयो । सोही समूहमा रहेका स्कटल्यान्डसहित नामिबिया र ओमन भने विश्वकपबाट बाहिरिएका छन् । आइतबारको खेलमा स्कटल्यान्डलेले प्रस्तुत गरेको एक सय ८१ रनको लक्ष्य अस्ट्रेलियाले १९ दशमलव ४ ओभरमा पाँच विकेटको क्षतिमा पूरा गर्‍यो । उसका लागि ट्राभिस हेडले सर्वाधिक ६८ रनको योगदान दिए । उनले ४९ बलमा पाँच चौका र चार छक्काको सहायताले ६८ रनको योगदान गरेका हुन् ।

मार्कस स्टोइनिसले २९ बलमा नौ चौका र दुई छक्काको मद्दतमा ५९ रन बनाए भने टिम डेविडले अविजित २४ रन जोडे । ग्लेन म्याक्सवेलले ११ रन बनाए । स्कटल्यान्डका लागि मार्क वाट र स्याफन शरिफले समान दुई÷दुई विकेट लिए भने ब्राड ह्विलले एक विकेट झारे ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको स्कटल्यान्डले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै एक सय ८० रनको योगफल बनाएको थियो । स्कटल्यान्डका लागि ब्रान्डन म्याकलमले सर्वाधिक ६० रनको योगदान दिए । उनले ३४ बलमा ६ छक्का र दुई चौकाको मद्दतले सर्वाधिक ६० रनको योगदान गरेका हुन । कप्तान रिची बेरिङ्टनले ४२, ओपनर जर्ज मुन्सीले ३५ तथा म्याथु क्रसले १८ रन बनाए । अस्ट्रेलियाका लागि ग्लेन म्याक्सवेलले दुई विकेट लिँदा एडम जाम्पा, एस्टन अगर र नाथन एलिसले समान एक/एक विकेट लिए । रासस

# गाजामा ‘रणनीतिक विराम’ गर्ने इजरायली सेनाको घोषणा



**एएफपी**
**जेरुसेलम ।**
इजरायली सेनाले आइतबार दक्षिणी गाजापट्टीको भागमा दिनको समयमा दैनिक सैन्य गतिविधिको ‘रणनीतिक विराम’ लागू गर्ने घोषणा गरेको छ । ‘केरम सालोम सीमा पार गर्ने सालाह अल–दिन रोड र त्यसपछि उत्तरतर्फ जाने सडकमा अर्को सूचना नआएसम्मका लागि मानवीय सहायता पहुँच उद्देश्यका लागि हरेक दिन बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म सैन्य गतिविधिको रणनीतिक विराम हुनेछ’ सेनाले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ । संयुक्त राष्ट्र सङ्घ र अन्य संस्थाहरूसँगको छलफलपछि गाजापट्टीमा प्रवेश गर्ने मानवीय सहायताको मात्रा बढाउने प्रयासको एक हिस्साको रूपमा यो निर्णय गरिएको हो ।

इजरायलले लामो समयदेखि केरेम शालोम सीमामार्फत सहायता वितरण सहज बनाउने प्रयासमा हस्तक्षेप गर्दै आएको छ तर मानव अधिकार समूहहरूले महिनौँसम्म घेराबन्दी गरिएको प्यालेस्टिनी क्षेत्रमा खाना र अन्य आवश्यक वस्तुहरूको अभावबारेमा चेतावनी दिएका हुन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार गाजामा पाँच वर्ष मुनिका आठ हजारभन्दा बढी बालबालिकाको तीव्र कुपोषणको उपचार गरिएको छ ।

अन्तर्राष्ट्रिय मध्यस्थकर्ताहरूले इजरायल र हमासलाई अमेरिकी राष्ट्रपति जो बाइडेनको बन्धक–कैदी आदानप्रदान र सहायता वितरण युद्धविराम सम्झौताको प्रस्तावमा सहमत हुन दबाब दिइरहेका छन् । ‘गाजापट्टीभित्र अराजकता सक्रिय द्वन्द्वका कारण मानिसहरूको बढ्दो मागहरू पूरा गर्ने स्तरको सहायता प्रदान गर्न असम्भव हुँदै गइरहेको छ’ विश्व खाद्य कार्यक्रमका उपकार्यकारी निर्देशक कार्ल स्काउले भने । रासस

# कुन प्रदेशको कस्तो कर नीति ?




**काठमाडौँ ।**
सबै प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१÷८२ को बजेट प्रदेशसभामा प्रस्तुत गरिसकेका छन् । प्रदेशहरुले विनियोजन विधेयक तथा आर्थिक विधेयकमार्फत करका विभिन्न सहुलियत तथा नयाँ व्यवस्था ल्याएका छन् । प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रभित्र रहेका विज्ञापन कर, मनोरञ्जन कर, ढुङ्गा, गिट्टी, बालुवालगायतका विभिन्न क्षेत्र लाग्दै आएका करका दरहरु केहिले परिमार्जन गरेका छन् भने केहिले यथावत् राखेका छन् । सवारी साधन दर्ता तथा नवीकरण, उद्योग दर्ता तथा नवीरकणलगायतका विभिन्न शूल्कमा भएको परिवर्तन र प्रदेशहरुले आगामी आर्थिक वर्षको बजेटमार्फत् तय गरेका राजस्व नीतिबारे राससले समीक्षा गरेको छ ।

**कोशी प्रदेश**
कोशी प्रदेशले राजस्वसम्बन्धी गरेको नयाँ व्यवस्थाअनुसार निजी सवारी साधनधनीले चाहेमा लाग्ने सवारी साधन कर पाँच वर्षसम्मका लागि एकमुष्ठ रुपमा बुझाई नवीकरण गर्न सक्नेछन् । अन्य प्रदेशको सरुवा सहमतिबाट यस प्रदेशमा दर्ता भएका सवारी साधनहरुलाई लाग्ने सवारी साधन करमा ५० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिइएको छ । प्रदेशभित्रका सिमेन्ट तथा इँटा, कङ्क्रिट ब्लक उद्योग, नदीजन्य पदार्थ प्रशोधन उद्योगमा वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुर लगाइएको छ । विगतका आर्थिक वर्षको सङ्कलित मनोरञ्जन कर एकमुष्ठ बुझाउँदा सोमा लाग्ने ब्याज छुटको व्यवस्था कोशी प्रदेशले बजेटमा व्यवस्था गरिएको छ ।

प्रदेश सरकार र स्थानीय तहबाट पर्यटकीय पूर्वाधार निर्माण भई समिति वा अन्य सङ्गठित संस्थाबाट सञ्चालनमा रहेका पर्यटकीयस्थलबाट उठ्ने रकमको २० प्रतिशत सम्बन्धित स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्ने व्यवस्था ल्याइएको छ । कोशी प्रदेश सरकारअन्तर्गतका निकाय र स्थानीय तहका सरकारी निकाय लगायतका अन्य निकायले आफ्नो कार्यसँग सम्बन्धित कुनै विज्ञापन, सूचनाको प्रसारण वा प्रकाशन गर्दा लाग्ने रकम सम्बन्धित सञ्चारमाध्यम वा विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा तीन प्रतिशतका दरले विज्ञापन कर कट्टा गरी स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नुपर्ने व्यवस्था ल्याइएको छ ।

यसैगरी, ट्राफिक नियम उल्लङ्घन गरेबापत हुने दण्ड जरिवानाबापतको रकम कोशी प्रदेशभित्रका ट्राफिक प्रहरी कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा एकाइ कार्यालयमार्फत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था बजेटमा राखिएको छ ।

कोशी प्रदेशले राजस्व व्यवस्थापनलाई थप प्रभावकारी बनाई आन्तरिक आय अभिवृद्धि गर्नका लागि आगामी आर्थिक वर्षमा कोशी प्रदेश कर तथा गैरकर ऐन, २०७५ लाई प्रतिस्थापन गर्न नयाँ ऐन तर्जुमा गर्ने नीति लिएको छ । आन्तरिक राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदनलाई प्रभावकारी कार्यान्वयनका लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गरी नीतिहरुको कार्यान्वयन गरिने पनि बजेट वक्तव्यमा उल्लेख छ ।

**मधेश प्रदेश**
मधेश प्रदेशका अर्थमन्त्री भरतप्रसाद शाहले प्रदेशसभा बैठकमा प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा राजस्व प्रशासन सुदृढीकरण गरी कर तथा गैर कर चुहावट न्यूनीकरण गरिने गर्ने व्यवस्था मिलाइने उल्लेख छ । त्यस्तै, उक्त प्रदेशको राजस्व अभिवृद्धिका लागि गरिएको अध्ययन अनुसन्धान प्रतिवेदनको सुझावहरुलाई प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्ने व्यवस्था मिलाएको जनाइएको छ ।

**बागमती प्रदेश**
बागमती प्रदेशभित्र दर्ता भई २० वर्ष वा सोभन्दा बढी अवधि पूरा भएका सार्वजनिक सवारी साधनका धनीले आफ्नो सवारी साधनको दर्ता खारेज गराउन चाहेमा २०८१ पुस मसान्तसम्म २० वर्ष अवधिसम्मको तिर्न बुझाउन बाँकी सवारी साधन कर र नवीकरण दस्तुर बुझाएमा जरिवानामा ८० प्रतिशत छुट हुनेछ । सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर÷नाटकघर, दोहोरी साँझ, डान्सबार, नाइट क्लब, क्यासिनो, पार्क प्रवेश, फुटसल, स्वीमिङ पल, जिपलाइन, स्वीङ, आकाशे सीसाको पुल, बन्जी जम्पलगायतको कर परिमार्जन गरिएको छ ।

व्यावसायिक फर्म दर्ता गरी नवीकरण नगरेका उद्योग, निजी र साझेदारी फर्म तथा व्यवसायले पछिल्लो तीन आर्थिक वर्षको नवीकरण दस्तुर र जरिवाना रकम आगामी पुस मसान्तभित्र दाखिला गरेमा सोभन्दा अगाडिका वर्षहरुमा दाखिला गर्नुपर्ने जरिवाना मिनाहा गरी नवीकरण दस्तुरमा ५० प्रतिशत छुट दिइने व्यवस्था बागमती प्रदेशले बजेतमार्फत ल्याएको छ ।

प्रदेशको आन्तरिक स्रोत परिचालनलाई दिगो र भरपर्दो बनाउन आय परिचालनका थप क्षेत्र पहिचान गर्ने तथा प्रदेशको स्रोत परिचालन सम्बन्धमा अध्ययन गरी सुझाव पेस गर्न विज्ञसहितको कार्यदल गठन गरिने पनि बजेट वक्तव्यमा उल्लेख छ । त्यस्तै, प्रदेश सरकारको एकल अधिकार क्षेत्रभित्र रहेको कृषि आयमा लाग्ने करको क्षेत्र तथा आधार निर्धारण गर्ने सम्बन्धमा अध्ययन गरिने विषय बागमती प्रदेशको बजेट वक्तव्यमा राखिएको छ ।

**गण्डकी प्रदेश**
गण्डकी प्रदेश सरकारले भूमि सुधार÷मालपोत कार्यालयबाट मानो जोडिएकोमा लाग्ने लिखतबापतको शुल्कलाई समायोजन गरेको छ । भूमि सुधार÷मालपोत कार्यालयबाट जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा लाग्ने सेवा शुल्कलाई समायोजन गरी सेवा शुल्क नलाग्ने व्यवस्था गरिएको छ । सार्वजनिक बस, मिनिबस तथा माइक्रोबसमा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई छुट दिने व्यवस्था बजेटमा राखिएको छ । यस्तो छुट सहुलियत दिएबापत त्यस्ता सवारी साधनकाधनीलाई सवारी साधन करमा ६० प्रतिशत छुट दिने व्यवस्था ल्याइएको छ ।

गण्डकी प्रदेशको राजस्व परिचालनका लागि आर्थिक मामिला मन्त्रालयअन्तर्गत प्रदेश राजस्व व्यवस्थापन कार्यालय स्थापना गर्न आवश्यक तयारी गरिने बजेट वक्तव्यमा उल्लेख छ । त्यसैगरी, शैक्षिक परामर्श सेवा, पूर्वतयारी कक्षा र भाषा सिकाइ केन्द्रको अनुमति तथा नवीकरण शुल्क जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयबाट हुँदै आएकोमा आगामी आवदेखि त्यस्तो कार्य जिल्लास्थित सामाजिक विकास कार्यालयले गर्ने व्यवस्था गण्डकी प्रदेशको बजेटमा राखिएको छ ।

**लुम्बिनी प्रदेश**
लुम्बिनी प्रदेश सरकारबाट विभिन्न व्यक्ति, समूह, संस्थालगायतलाई नगद अनुदान उपलब्ध गराउँदा निश्चित सीमासम्मको अनुदानमा छुट दिने र सो सीमाभन्दा बढीमा न्यून दरमा सेवा शुल्क लगाई असुल गरिने बजेट वक्तव्यमा उल्लेख छ । प्रदेशको एकल अधिकार क्षेत्रभित्र रहेको कृषि आयमा लाग्ने करका दरहरु घटाइएको छ । प्रदेशभित्र सवारी साधनसम्बन्धी दण्ड जरिवानाबापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था ल्याइएको छ । यातायात व्यवस्था कार्यालयबाट सङ्कलन हुँदै आएको टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा लाग्ने सवारी साधन कर आगामी आर्थिक वर्षदेखि सम्बन्धित स्थानीय तह आफैँले उठाउने व्यवस्था लुम्बिनी प्रदेशको बजेटमा राखिएको छ । यसअघि अन्य प्रदेश वा प्रदेशभित्रका अन्य कार्यालयमा सवारी साधन लैजाँदा सरुवा सहमती दस्तुर लाग्दै आएकोमा यस्तो दस्तुर नलाग्ने व्यवस्था ल्याइएको छ । त्यसैगरी, प्रदेशभित्र इजाजतपत्र नलिएका वा नवीकरण नगरी सञ्चालनमा रहेका पर्यटन व्यवसायलाई एक पटकका लागि न्यून शुल्कमा इजाजतपत्र प्राप्त गर्न वा नवीकरण गर्न सक्ने मिलाउनुका अतिरिक्त निजी तथा साझेदारी फर्मलाई विवरण बुझाउँदा लाग्ने तथा शुल्कमा छुट दिने व्यवस्था बजेटमा राखिएको छ ।

**कर्णाली प्रदेश**
कर्णाली प्रदेशको राजस्व परिचालनको सम्भाव्यताको आँकलन तथा अध्ययन गरी सुझाव दिन एक अध्ययन सुझाव कार्यदल गठन गरिने बजेट वक्तव्यमा उल्लेख छ । प्रदेश र स्थानीय तहको साझा अधिकारअन्तर्गत स्थानीय तहबाट सङ्कलन भई प्रदेशमा बाँडफाँटमार्फत प्राप्त हुने राजस्वलाई अनुमानयोग्य, स्वचालित र व्यवस्थित बनाउने उल्लेख छ ।

कृषि प्रयोजनका लागि दुई वा दुईभन्दा बढी व्यक्तिले आपसी सहमतिमा जग्गाको चक्लाबन्दी गर्न उद्योगको नाममा लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा ७५ प्रतिशत छुट दिने व्यवस्था ल्याइएको छ । कर्णाली प्रदेशभित्र सुर्ती र मदिराजन्यबाहेकका उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क शतप्रतिशत छुट दिइएको छ । आर्थिक वर्ष २०७६÷७७ भन्दा अगाडिको सवारी साधन कर बुझाउन छुट भएका सवारी साधन धनीले आव २०८०/८१ सम्मको सवारी साधन कर २०८१ चैत्र मसान्तसम्म दाखिला गरेमा आर्थिक वर्ष २०७६÷७७ भन्दा अगाडिको सवारी साधन करमा लाग्ने जरिवाना रकम छुट हुने व्यवस्था ल्याइएको छ ।

**सुदूरपश्चिम प्रदेश**
सुदूरपश्चिम सरकारले घरजग्गा रजिस्ट्रेसनतर्फको सेवा शुल्क बढाएको छ । स्रोत, साधन, प्रविधि तथा जनशक्ति व्यवस्थापन एवं कानुनी व्यवस्था भई नसकेका स्थानीय तहहरूको हकमा टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा प्रदेश सरकारले कर लगाउने तथा उठाउने व्यवस्था गरी त्यस्तो सङ्कलित करको बाँडफाँट गर्ने व्यवस्था बजेटमा राखिएको छ ।

त्यस्तै, सवारी साधन कर, दस्तुर र शुल्कमा केही संशोधन गरिएको छ । प्रदेशभित्र विद्युतीय सूचना प्रणालीमा आधारित राइड सेयरिङ एपमार्फत सार्वजनिक सवारी साधन प्रयोग गरी सेवा दिने संस्थाको दर्ता तथा नवीकरण र दुई पाङ्ग्रे सार्वजनिक सवारी साधन करसम्बन्धी नयाँ व्यवस्था ल्याइएको छ ।

कम्तीमा पाँच वर्ष वा सोभन्दा बढी अवधिसम्म नियमानुसार बुझाउनुपर्ने सवारी साधन कर नबुझाएका र नवीकरण नगरेका सवारी साधनको हकमा सवारी साधन कर तथा नवीकरणको जरिवानामा ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ ।

सामुदायिक तथा साझेदारी वनको आन्तरिक तथा बाह्य बिक्री वितरणबाट हुने आम्दानीमा लाग्ने बिक्री शुल्कलाई क्रमशः १० र २५ प्रतिशत कायम गरिएको छ । प्रदेशका निजी तथा साझेदारी व्यवसायलाई औपचारिक अर्थतन्त्रको परिधिमा ल्याउन प्रोत्साहन गर्दै दर्ता तथा नवीकरण दस्तुरलाई घटाइएको छ ।

नवीकरणको म्याद समाप्त भई पाँच वर्ष नाघिसकेका व्यवसायीहरू नवीकरण गर्न आएमा जरिवानाको १० प्रतिशत मात्र लिने विशेष व्यवस्था सुदूरपश्चिम प्रदेशले ल्याएको छ । रासस


मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# कोशी प्रदेशः स्वास्थ्य क्षेत्रमा तीन अर्ब ५८ करोड रुपैयाँ बजेट

**झापा ।**
कोशी प्रदेश सरकारले 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' भन्ने नारासहित स्वास्थ्य सेवाको क्षेत्रमा तीन अर्ब ५८ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले शनिबार प्रदेशसभामा प्रस्तुत गरेका आर्थिक वर्ष २०८१÷८२ को बजेटमा उक्त रकम विनियोजन गरिएको हो । 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' निर्माण गर्ने उद्देश्यसहित बहुआयामिक विकासलाई तीव्र रुपमा अघि बढाउने सङ्कल्प गरिएको उक्त बजेटमा झापाको प्रादेशिक अस्पताल भद्रपुरलाई 'उत्कृष्ट सेवा केन्द्र'का रुपमा विकास गरिने घोषणा गरिएको छ । प्रादेशिक अस्पताल भद्रपुर र जिल्ला अस्पतालहरु पाँचथर, धनकुटा, उदयपुर, संखुवासभा र खोटाङमा सघन उपचार कक्ष (आइसीयु) र नवजात शिशु सघन उपचार कक्ष (एनआइसीयु) सहितको सेवा प्रवाह गर्न ६० करोड ५५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । झापाको प्रदेश आयूर्वेद अस्पताल लखनपुरलाई कोशी आयुर्वेद प्रतिष्ठानको रुपमा विकास गरिने बजेटमा घोषणा गरिएको छ । स्वस्थ जीवनशैली, आहारविहार, योग, ध्यान, व्यायाम प्रबद्र्धनका लागि बजेटमा १८ करोड ५० लाख रुपैयाँ विनियोजन भएको छ । प्रदेश मातहतका सबै अस्पतालबाट विशेषज्ञ सेवा सुनिश्चित गर्न स्वास्थ्यकर्मीलाई विशेष भत्ताको व्यवस्था गरिने र त्यसका लागि छ करोड ८४ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । उदयपुर, धनकुटा, संखुवासभा र प्रादेशिक अस्पताल भद्रपुरबाट निःसन्तान दम्पत्तिका लागि निःशुल्क उपचार सेवा सुरु गर्न एक करोड १० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले १० वर्षमुनिका बालबालिकाको निःशुल्क उपचारका लागि चार करोड २९ लाख रुपैयाँ बजेट छुट्याएको छ । वृद्धवृद्धा तथा असहाय स्वास्थ्य कार्यक्रमअन्तर्गत वृद्धाश्रम, मठमन्दिर, धर्मशाला, मानवसेवा आश्रम, निरन्तर आश्रित नागरिक, द्धन्द्धप्रभावित, एम्बुलेन्स चालक र महिला स्वास्थ्य स्वयंसेविकालगायतलाई निःशुल्क स्वास्थ्य बीमाका लागि दुई करोड २० लाख रुपैयाँ बजेट विनियोजन गरिएको बजेट वक्तव्यमा मन्त्री मगरले उल्लेख गरे । प्रदेश सरकारले नागरिक स्वास्थ्य सूचना सहायता प्रणाली सञ्चालन गर्न दुई करोड ५० लाख रुपैयाँ बजेट छुट्याएको छ । एचआइभी, क्यान्सर, थालसेमिया, हेमोफिलिया, सिकलसेल एनेमिया भएका व्यक्ति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, सीमान्तकृत, अतिविपन्न तथा विभिन्न हिंसामा परेका नागरिकको प्रयोगशाला परीक्षणमा ९० प्रतिशत छुट दिने घोषणा गरेको छ । गुणस्तरीय प्रयोगशाला सेवाका लागि पाँच करोड ४६ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । प्रदेश सरकार मातहतका अस्पताल र स्थानीय तहका स्वास्थ्य संस्थाहरुका लागि औँजार उपकरण तथा औषधि व्यवस्थापन गर्न २६ करोड रुपैयाँ र घुम्ती बसमार्फत आयूर्वेद तथा होमियोप्याथी सेवासहितको विशेषज्ञ सेवा सञ्चालन गर्न दुई करोड ८० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । रासस

# बागमती प्रदेशः भ्रमण वर्षलाई निरन्तरता, पर्यटन पूर्वाधार विकासमा प्राथमिकता

**मनहरी ।**
बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१÷८२ को बजेटमा संस्कृति, पर्यटन तथा सहकारीका लागि दुई अर्ब ४६ करोड रुपैयाँ विनियोजन गरेको छ । शनिबार आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाद्वारा प्रस्तुत बजेटमा प्रदेश भ्रमण वर्ष २०२४ को निरन्तरतासहित प्रदेशभित्रका पर्यटकीय गन्तव्य तथा पर्यटन क्रियाकलापहरुको प्रवद्र्धन गरिने उल्लेख छ । उनले थप पर्यटकीय गन्तव्यको पहिचान गरिने र पर्यटकहरुको भ्रमणमा सहजीकरण गर्न ट्राभल बुक तयार गरिने बताए । बाह्य पर्यटकको संख्या वृद्धि गर्न छिमेकी मुलुकका प्रमुख सहरहरुमा पर्यटकलक्षित रोड सो, मेला, महोत्सवजस्ता कार्यक्रम सञ्चालन गरिने जानकार दिए । मन्त्री थपलियाले अन्तर प्रदेश समन्वयमा जनकपुर, लुम्बिनी, देवघाट र मुक्तिनाथ जोड्ने सांस्कृतिक सम्पदा परिपथ विकास गरिने बजेट वक्तव्यमार्फत भने । चितवनका सौराह, मेघौली, माडी र सिराइचुली जोडेर पर्यापर्यटन परिपथ निर्माण गरिने बजेट वक्तव्यमा उल्लेख छ । पाटन दरबार क्षेत्र, वसन्तपुर, कीर्तिपुर, भक्तपुर र चाँगुनारायण क्षेत्र जोडेर सम्पदा परिपथ र काठमाडौँको पशुपतिनाथ, डोलेश्वर, दत्तात्रय, सुवर्णेश्वर, अनन्त लिङ्गेश्वर, सन्तानेश्वर, महादेव पोखरी जोडेर शिव परिपथ विकास गरिने मन्त्री थपलियाले बताए ।

उनले चितवनको सौराह, मेघौली, गोलाघाट, भक्तपुरको नगरकोट, दोलखाको सैलुङ क्षेत्रलाई खुला चलचित्र छायाङ्कन क्षेत्रका रुपमा विकास गर्ने योजना प्रदेश सरकारको रहेको बताए । बागमती प्रदेशका विभिन्न जात्रा तथा पर्वहरुको संरक्षण, संवद्र्धन र सञ्चालनका लागि अक्षयकोष स्थापना गर्न पाँच करोड रुपैयाँ विनियोजन गरेको जानकारी दिए । बागमती प्रदेशभित्र रहेका कला, संस्कृति, भाषा, लिपि, जातजाति, धर्म, बाजागाजा आदिका बारेमा अध्ययन अनुसन्धान गरिने बजेट वक्तव्यमा उल्लेख गरिएको छ । प्रदेश सरकारले नेपालको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति र परिवर्तनको इतिहास प्रतिबिम्बित हुने क्रान्ति स्मृति सङ्ग्रहालय स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गरेको जनाएको छ । बागमती प्रदेशलाई आकर्षक पर्यटक गन्तव्यका रुपमा विकास गरी पर्यटकको बसाइ अवधि लम्ब्याउन र प्रतिपर्यटक खर्च वृद्धि गर्न पर्यटन पूर्वाधार निर्माण तथा सुधार गरिने सरकारको योजना रहेको छ ।

प्रदेशभित्र रहेका मूर्त र अमूर्त संस्कृति, सम्पदा संरक्षण गर्न आवश्यक रहेकाले सरकारले नीति तर्जुमा गरी समुदायको सहभागितामा विभिन्न जातजाति, भाषा, साहित्य, दर्शन, संस्कृति, कला, पुराना बाजा, सङ्गीत, नाच र नाट्यलगायतका अमूर्त सांस्कृतिक सम्पदाको सूचीकरण, संरक्षण र प्रवद्र्धनात्मक कार्यक्रम सञ्चालन गरिने मन्त्री थपलियाले बताए । रासस

# लुम्बिनी प्रदेशः बजेटमा कृषिक्षेत्र प्राथमिकतामा

**रुपन्देही ।**
लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१÷८२ को बजेटमा कृषिक्षेत्रलाई प्राथमिकतामा राखेको छ । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री चेतनारायण आचार्यले शनिबार प्रदेशसभामा प्रस्तुत गरेको बजेटमा कृषिक्षेत्र प्राथमिकतामा परेको हो । 'किसानको हात, प्रदेशको साथ' भन्ने नाराका उनले कृषिलाई प्राथमिकतामा राखिएको बताए । कृषिको व्यावसायिकीकरण, सीप विकास तथा कृषिक्षेत्रमा रोजगारीका अवसर सृजना गर्न प्रदेश सरकारले आवश्यक बजेट विनियोजन गरेको मन्त्री आचार्यले बजेट मन्तव्यमा उल्लेख गरे । उनले प्रदेशभित्रका सबै जिल्लामा बाली एवम् पशुपन्छी सघन व्यवसायी उत्पादन क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्न बजेटमा व्यवस्था गरिएको बताए ।

कृषिक्षेत्रमा सिँचाइको व्यवस्थापन गरी उत्पादनमा वृद्धि गर्ने उद्देश्यले बजेट विनियोजन गरिएको मन्त्री आचार्यले उल्लेख गरे । कृषिक्षेत्रसँगै लुम्बिनी प्रदेशको बजेटले मानसिक स्वास्थ्य समस्या पहिचान एवम् रोकथामका लागि समुदायस्तरमा योग, ध्यान तथा मनोसामाजिक परामर्शलगायत कार्यक्रम सञ्चालन तथा उपचार व्यवस्था गर्न बजेट विनियोजन गरेको छ ।

८० वर्ष पुगेका ज्येष्ठ नागरिक तथा अति अशक्तलाई घरमै स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक रकम विनियोजन गरिएको अर्थमन्त्री आचार्यले बजेट वक्तव्यमार्फत जानकारी दिए । 'पूर्ण सुरक्षित मातृत्व सेवा' अभियानसहित विशेष कार्यक्रम सञ्चालन गर्ने र गर्भवतीलाई सुविधा सम्पन्न अस्पतालका साथै निःशुल्क एम्बुलेन्सको व्यवस्था प्रदेश सरकारले गर्ने विषय बजेटमा प्रस्तुत गरिएको छ । दुर्गम क्षेत्रका गर्भवती महिलालाई हवाई सेवाबाट उद्धार गर्न आवश्यक रकम छुट्याइएको छ । बजेटमा महिलालाई 'लुम्बिनीका महिला, आत्मनिर्भरमा पहिला' भन्ने नारासहित उद्यमशीलता र स्वरोजगारका अवसर बढाउन बजेट विनियोजन भएको छ । लैङ्गिक हिंसामुक्त प्रदेश निर्माण गर्ने उद्देश्यले प्रदेश सरकारले बजेट विनियोजन गरेको छ । कृषिलाई प्राथमिकतामा राखेर प्रस्तुत गरिएको बजेटले लुम्बिनी प्रदेशको कृषि उत्पादन तथा कृषि उद्यमलाई संस्थागत गर्ने विश्वास लिइएको छ । आगामी आर्थिक वर्षका लागि लुम्बिनी प्रदेश सरकारले ३८ अर्ब ९७ करोड रकम विनियोजन गरेको छ । रासस

# गण्डकीको बजेटः भौतिक पूर्वाधार, पर्यटन, कृषि र शिक्षामा केन्द्रित

**गण्डकी ।**
गण्डकी प्रदेशको आर्थिक वर्ष २०८१÷८२ को बजेटमा पर्यटन क्षेत्रको विकासलाई प्रमुख प्राथमिकता दिइएको छ । शनिबार प्रस्तुत बजेटमा उक्त कुरा उल्लेख छ । प्रदेश सरकारको आगामी वर्षको बजेट प्रस्तुत गर्दै आर्थिक मामिलामन्त्री टकराज गुरुङले गण्डकी प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न निजी क्षेत्रसँगको सहकार्यमा प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसारका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने बताए । पर्यटन व्यवसायीसँगको सहकार्यमा विभिन्न पर्यटकीय प्याकेज तयार गरी 'पहिले घरदेश अनि परदेश'लाई अभियानको रूपमा सञ्चालन गरिने उनले बताए । पर्यटकीय राजधानी पोखरा र आसपासका स्थानीय तहसँगको सहकार्य तथा सहयोगमा ११ वटा पर्यटकीय स्याटलाइट गन्तव्य विकासका लागि बजेटको व्यवस्था गरिएको आर्थिक मामिलामन्त्री गुरुङले बताए । 'पदमार्गको संरक्षण–पर्यटनको प्रवर्द्धन' भन्ने अभियानका साथ अन्नपूर्ण, मनास्लु, धवलागिरि, माछापुच्छ«े, मर्दीलगायतका पदमार्गको संरक्षण, विकास र स्तरोन्नतिको लागि बजेट विनियोजन गरिएको सरकारले जनाएको छ ।

सनातन धर्मावलम्बीको पवित्रस्थल गजेन्द्रमोक्ष धाम, मुक्तिनाथ, मनकामना क्षेत्रलगायतका प्रदेशभित्रका प्रमुख धार्मिक पर्यटकीयस्थलको प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरिएको उल्लेख गर्दै मन्त्री गुरुङले यसबाट प्रदेशभित्र धार्मिक पर्यटनको विकास हुने अपेक्षा गरिएको बताए । 'होमस्टे जाउ स्थानीय कला संस्कृतिमा रमाऔँ' भन्ने नाराका साथ ग्रामीण पर्यटनलाई उत्पादन र रोजगारीसँग जोड्न घरवासमा पूर्वाधार निर्माण तथा क्षमता विकास कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ । साइक्लिङमार्फत पर्यटन प्रवर्द्धनका लागि मुस्ताङको जोमसोम, तनहुँको बन्दीपुर र पोखरामा लेक टु लेक साइक्लिङ मार्ग निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको बताउँदै मन्त्री गुरुङले राउन्ड फेवा भ्यू फेवा कार्यक्रमलाई उच्च प्राथमिकतासाथ कार्यान्वयनमा जोड दिइएको बताए ।

**पूर्वाधारतर्फ १२ अर्ब ७० करोड बजेट**

गण्डकी प्रदेश सरकारले सडक, पुललगायत भौतिक पूर्वाधार योजनामा १२ अर्ब ७० करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । शनिबार प्रदेशसभा बैठकमा प्रस्तुत प्रदेश सरकारको आगामी आवको कुल बजेट ३२ अर्ब, ९७ करोड ८५ लाख ७५ हजार रुपैयाँ बजेटमध्ये ठूलो रकम पूर्वाधारतर्फ छुट्याइएको हो । चालु आवमा सो क्षेत्रमा ११ अर्ब १६ करोड रुपैयाँ बजेट विनियोजन गरिएको थियो । बजेटमा प्रदेश गौरवका आयोजना, एक निर्वाचन क्षेत्र–एक कृषि सडक, रणनीतिक महत्वका सडक, स्थानीय तहको प्रशासनिक केन्द्र जोड्ने सडकको निर्माण तथा स्तरोन्नतिलाई तीव्रता दिइने उल्लेख छ ।

प्रदेशसभाको भवन निर्माणका लागि नौ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । सङ्घ र स्थानीय तहको समन्वयमा झोलुङ्गे, ट्रष्ट ब्रिज पुल निर्माण र मर्मतकार्यलाई निरन्तरता दिइने बजेटमा उल्लेख छ । पदयात्रा र साइक्लिङका लागि गोरखाको मनास्लु, लार्केपास–मनाङ–मुस्ताङ र कास्कीको अन्नपूर्ण संरक्षण क्षेत्रलाई उत्कृष्ट पदमार्गको रूपमा विकास गर्न आवश्यक बजेट विनियोजना गरिएको आर्थिक मामिलामन्त्री गुरुङले जानकारी दिए । प्रदेश गौरव, प्रदेश लोकमार्ग र रणनीति महत्वका सडक निर्माण, स्तरोन्नति एवम् मर्मतसम्भार कार्यलाई तीव्रता दिइने भएको छ । स्थानीय तहको केन्द्र जोड्ने 'एक निर्वाचन क्षेत्रः एक सडक तथा सडक पुल' निर्माणलाई बजेटमा प्राथमिकता दिइएको छ । प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था कार्यालयले टुक्रे योजना कटौती गर्दै ठूला र रणनीतिक महत्वका सडक निर्माणलाई प्राथमिकता दिँदै आएको छ । पूर्वाधारतर्फको धेरै बजेट सडक र पुलका बहुवर्षीय आयोजनामा खर्च हुने गरेको छ । सडकको मर्मतसम्भार र दिगो व्यवस्थापनसहित बाह्रैमास यातायात सञ्चालनका गर्न आपत्कालीन मर्मत तथा पुनःनिर्माणका लागिसमेत बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले आगामी आवका लागि चालुतर्फ १३ अर्ब १६ करोड पाँच लाख रुपैयाँ र पुँजीगततर्फ १९ अर्ब ५१ करोड ७९ लाख ९३ हजार रुपैयाँ बजेट विनियोजन गरेको हो । वित्तीय व्यवस्थापनतर्फ तीन करोड रुपैयाँ बजेट विनियोजन गरेको सरकारले आन्तरिक राजस्वबाट पाँच अर्ब १७ करोड रुपैयाँ उठाउने लक्ष्य लिएको छ । रोजगारीका लागि युवा विदेश पलायन भइरहेको अवस्थामा गण्डकी प्रदेश सरकारले बजेटमा कृषि क्षेत्रको व्यावसायिक विकासमा विशेष जोड दिँदै पहिलो प्राथमिकतामा राखेको छ । आव २०८०÷८१ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी कृषि क्षेत्रको योगदान २६ दशमलव ४० प्रतिशत रहेको अवगत गराउँदै मन्त्री गुरुङले गण्डकी प्रदेशमा उत्पादन र उत्पादकत्वका वृद्धि गर्दै प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउने लक्ष्यसहित बजेट विनियोजन भएको छ ।

गण्डकी प्रदेशलाई खाद्यान्न, तरकारी, माछामासु, फलफूल र आलु उत्पादनमा आत्मनिर्भर बनाउन १२ करोड ६२ लाख रुपैयाँ विनियोजन गरिएको छ । पशु नश्ल तथा पाडाबाच्छी हुर्काउने कार्यक्रमलाई विशेष प्राथामिकता दिँदै बजेट विनियोजन गर्नुभएको छ । दूध, माछा र अण्डा उत्पादनमा वृद्धि गर्दै निर्यात प्रवर्द्धनका लागि बृहत्तर पशु विकास प्रवर्द्धन र मस्त्य विकास कार्यक्रमका लागि तीन करोड ५१ लाख रुपैयाँ विनियोजन भएको छ ।

मध्यमहाडी लोकमार्गले छोएका गोरखाका स्थानीय तहमा नमूना परियोजनाका रूपमा करिडोर लक्षित बाख्रा विकास कार्यक्रमका ल्याइएको छ र त्यो कार्यक्रम सञ्चालन गर्न दुई करोड १२ लाख रुपैयाँ छुट्याइएको छ । पशुमा पूर्णखोप तथा बीमा कार्यक्रम प्रभावकारी बनाउन र पशु स्वास्थ्य उपकरण खरिदका लागि बजेट विनियोजन गरिएको छ । परम्परागत बाली र पशुपक्षंी संरक्षण, उत्पादन र उपभोगमा वृद्धि गर्नुको साथै प्राङ्गारिक वस्तु उत्पादनको बजारीकरणका लागि दुई करोड २३ लाख रुपैयाँ छुट्याइएको छ । कृषिसँग गरिबी न्यूनीकरण, स्थानीय रोजगारी, उत्पादन र उद्यमशीलतासँगै जोडिएको छ ।

बजेटमा शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकता दिएको छ । शिक्षा, खेलुकद, युवा तथा सामाजिक विकासतर्फ पाँच अर्ब ४७ करोड ७४ लाख रुपैयाँ विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षमा सीपयुक्त मानव पुँजी निर्माणका लागि शिक्षा प्रणालीको सामयिक सुधार गरी कार्यक्रम सञ्चालन, व्यावसायिक, प्राविधिक, जीवनोपयोगी, व्यावहारिक र नैतिक शिक्षा प्रवर्द्धनका विशेष कार्यक्रम सञ्चालनमा बजेटले जोड दिएको छ ।

बजेटअनुसार जोखिममा परेका गर्भवती र सुत्केरीको हवाई उद्धारलगायत सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ । प्रदेश सरकारले मनाङ र मुस्ताङ जिल्ला अस्पताललाई २५ शय्या र पर्वत, स्याङ्जा, दमौली, मध्यविन्दु र मातृशिशु अस्पताललाई ५० शय्या क्षमतामा स्तरोन्नति गर्ने तथा गोरखाको आँपपिपल अस्पताल र बागलुङको बुर्तिवाङ प्रादेशिक अस्पताललाई सञ्चालनमा ल्याइने छ । प्रदेश मातहतका आयुर्वेद संस्थाहरूको सुदृढीकरण गर्ने, धवलागिरि र गण्डकी आयुर्वेद औषधालयको स्तरोन्नति गरी अन्तरङ्ग सेवा सञ्चालन गर्ने प्रदेश सरकारको योजना छ । नागरिकलाई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गर्न नागरिक आरोग्य अभियानमार्फत 'भान्छा सुधारः आरोग्यताको आधार' कार्यक्रम सञ्चालन गरिने मन्त्री गुरुङले बताए । प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । मन्त्री गुरुङले प्रस्तुत गरेको बजेटमा चालुतर्फ १३ अर्ब १६ करोड पाँच लाख ८२ हजार रुपैयाँ र पुँजीगततर्फ १९ अर्ब ५१ करोड ७९ लाख ९३ हजार रुपैयाँ विनियोजन गरिएको छ । रासस

# कर्णालीको बजेट दुई अर्बले घट्यो के–के परे प्राथमिकतामा ?

**सुर्खेत ।**
कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ३१ अर्ब ४१ करोड ४१ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ । प्रदेशसभामा शनिबार प्रस्तुत बजेटमा पुँजीगततर्फ १८ अर्ब ७५ करोड आठ लाख ६८ हजार रुपैयाँ, चालुतर्फ सात अर्ब ५७ करोड ५५ लाख रुपैयाँ वित्तीय व्यवस्थापनतर्फ २५ करोड रुपैयाँ, स्थानीय तह वित्तीय हस्तान्तरणमा चार अर्ब ८३ करोड रुपैयाँ विनियोजन गरिएको छ । प्रस्तुत बजेट चालु आवको भन्दा दुई अर्ब रुपैयाँले कम हो । चालु आवका लागि ३३ अर्ब रुपैयाँको बजेट पेस भएको थियो । अर्थमन्त्री महेन्द्र केसीले 'समृद्ध कर्णाली, सुखारी कर्णालीवासी'को नारालाई सार्थक तुल्याउने उद्देश्यसहित बजेट ल्याइएको बताए ।

साथै बजेट सात उद्देश्य, सात प्राथमिकता र सात रणनीतिक क्षेत्र निर्धारण गरी ल्याइएको उनले बताए । प्रदेशको गरिबी घटाउन, भौतिक पूर्वाधार क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याइएको छ । केही पुराना कार्यक्रमलाई निरन्तरता दिइएको छ भने केही नयाँ कार्यक्रम पनि समावेश गरिएका छन् । विगतदेखि नै सञ्चालनमा रहेको मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि एक अर्ब १६ करोड बजेट विनियोजन गरिएको छ । 'गरिबी निवारण र रोजगारी प्रदेश सरकारको जिम्मेवारी' कार्यक्रमबाट १६ हजार बेरोजगारलाई आंशिक रोजगारी प्रदान गर्ने लक्ष्य छ । चालु आवको तुलनामा कृषि मन्त्रालयलाइ कम बजेट विनियोजना भएको छ । भूमि, व्यवस्था, कृषि मन्त्रालयका लागि एक अर्ब ८६ करोड रुपैयाँ विनियोजन गरिएको छ । उद्यमशीलतासम्बन्धी कार्यक्रम विगतभन्दा केही सुधार गरेर भएका छन् भने दलित आयआर्जन कार्यक्रमका लागि पाँच करोड विनियोजन भएको छ । बजेटमा निजी क्षेत्रसँगको सहकार्यमा वीरेन्द्रनगरका उत्तरी क्षेत्रलाई 'हिलस्टेशन'का रूपमा विकास गरी 'हाइकिङ' क्षेत्रका रूपमा विकास गरिने नयाँ योजना समावेश गरिएको छ । रारा, काँक्रेविहार, बुलबुले उद्यान र स्यापुताललगायत पर्यटकीयस्थलको गुरुयोजना कार्यान्वयन गर्न १४ करोड रुपैयाँ विनियोजन गरिएको छ । कर्णालीलाई जडीबुटीको केन्द्रका रूपमा विकास गर्न केही रकम छुट्याइएको छभने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका लागि एक अर्ब ९४ करोड रुपैयाँ विनियोजन गरिएको छ । अन्तर प्रदेश सडक निर्माण गर्न ३९ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । अहिलेसम्म स्थानीय तहको केन्द्रसम्म सडक नपुगेका पालिकाका केन्द्रमा सडक सञ्जाल जोडिने महात्वाकाङ्क्षी योजना बजेटमा समेटिएका छन् । सडक र पुल निर्माण गर्न रु ६८ करोड ९७ लाख बजेट विनियोजन गरिएको छ ।

**सरकारको पुँजीगत खर्च २९ प्रतिशत मात्र**

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०÷८१ मा विनियोजित बजेटमध्ये जेठ मसान्तसम्म ३७ दशमलव ९३ प्रतिशत खर्च गरेको छ । कर्णाली प्रदेशसभाको शनिबारको चौथो अधिवेशनको दशौँ बैठकलाई सम्बोधन गर्दै प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री महेन्द्र केसीले चालुतर्फ ४९ दशमलव ३८ र पुँजीगततर्फ २९ दशमलव ८७ प्रतिशत गरी समग्रमा ३७ दशमलव ९३ प्रतिशत खर्च भएको जानकारी दिए । चालु आवका लागि प्रदेश सरकारले ३३ अर्ब ३७ करोड ९७ लाख सात हजार रुपैयाँ बराबरको बजेट विनियोजन गरेको थियो । चालुतर्फ नौ अर्ब २० लाख २४ हजार रुपैयाँ (२६ दशमलव ९७ प्रतिशत) र पुँजीगततर्फ १९ अर्ब ९७ करोड ७२ लाख ४३ हजार रुपैयाँ (५८ दशमलव ६५ प्रतिशत) बजेट विनियोजन गरिएको थियो । त्यस्तै, चालु आवको जेठ मसान्तसम्म ६१ करोड ९७ लाख रुपैयाँ अर्थात् लक्ष्यको तुलनामा ७४ दशमलव १० प्रतिशत आन्तरिक राजस्व स¬ङ्कलन भएको बजेटमा उल्लेख छ । प्रदेश स्थापनादेखि आव २०७९÷८० सम्मको आन्तरिक राजस्व दुई अर्ब २४ करोड १३ लाख ६३ हजार रुपैयाँ छ जुन कुल राजस्व लक्ष्यको ९४ दशमलव आठ प्रतिशत हो । चालु आवमा जेठ मसान्तसम्म ३७ दशमलव ९३ प्रतिशत भए पनि असार मसान्तसम्म विनियोजित बजेटमा २४ अर्ब ४१ करोड ८५ लाख अर्थात् ७३ दशमलव १५ प्रतिशत खर्च हुने अनुमान प्रदेश सरकारले गरेको छ । आर्थिकमन्त्री केसीका अनुसार कर्णाली प्रदेशको विगत छ वर्षको कुल बजेट एक खर्च ६६ अर्ब ५६ करोड रुपैयाँमा चालुतर्फ ३७ दशमलव ४६ र पुँजीगततर्फ ६२ दशमलव ५४ प्रतिशत विनियोजन भएको पाइन्छ । विनियोजित बजेटमा चालुतर्फ ६२ दशमलव ७१ र पुँजीगततर्फ ५५ दशमलव ०१ प्रतिशत गरी समग्रमा ५७ दशमलव ९० प्रतिशत बजेट खर्च भएकोछ । सङ्घीय सरकारबाट आव २०७५÷७६ देखि २०७९÷८० सम्म सुरु बजेटमा सशर्त, समपूरक र विशेष अनुदानमा कुल २७ अर्ब ५२ करोड रुपैयाँ प्राप्त भएकामा सम्बन्धित आर्थिक वर्षभित्र खर्च हुन नसकी जम्मा सात अर्ब ७८ करोड रुपैयाँ (२७ दशमलव ३२ प्रतिशत) सङ्घीय सरकारकै कोषमा फिर्ता भएको थियो । रासस

# चुरे संरक्षणमा तीनै तहको सहकार्य अपरिहार्यः प्रधानमन्त्री



**मधेशदृष्टि**
**सिरहा ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' चुरे क्षेत्रको संरक्षणमा सङ्घीय, प्रादेशिक, स्थानीय सरकार, स्थानीय समुदाय, सरोकार भएका निकायको समन्वय, सहकार्य र संयुक्त प्रयास अपरिहार्य रहने बताएका छन् । दशौँ चुरे संरक्षण दिवसका सन्दर्भमा आइतबार आयोजित बृहत् वृक्षरोपण कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले तराई–मधेशका बहुसंख्यक जनताको जीवनरेखासँग जोडिएको चुरेक्षेत्र बहुपक्षीय र बहुसरोकारको विषय भएको बताए । 'चुरे क्षेत्रको संरक्षणमा तीनै तहका सरकार, स्थानीय समुदाय, सरोकार भएका निकायबीच समन्वय, सहकार्य र संयुक्त प्रयास अपरिहार्य छ', प्रधानमन्त्री दाहालले भने, 'तराई–मधेशका बहुसंख्यक जनताको जीवनरेखासँग जोडिएको चुरे क्षेत्र बहुपक्षीय र बहुसरोकारको विषय हो ।' विसं २०७४ मा स्वीकृत भएको २० वर्षे चुरे तराई–मधेश संरक्षण तथा व्यवस्थापन गुरूयोजना परिमार्जनसहित लागू गर्नुपर्ने बताउँदै उनले चुरे संरक्षणका लागि छुट्टै ऐनको आवश्यकता देखिएकाले त्यसका लागि सरकारले आवश्यक समन्वय गरिरहेको जानकारी दिए । वृक्षरोपण कार्यक्रमले आम जनसमुदायमा वन र वनस्पति संरक्षणमा सकारात्मक सन्देश प्रवाह भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले विगतका वर्षमा नदी उकास क्षेत्रलगायत खाली र क्षतिग्रस्त करिब १० हजार हेक्टर भूमिमा विभिन्न प्रजातिका बिरुवा रोपण गर्न राष्ट्रपति चुरे तराई–मधेश संरक्षण विकास समितिमार्फत जनतालाई वितरण गरिएको बताए ।

उनले करिब तीन करोड गुणस्तरीय रूख प्रजातिका बिरुवा उत्पादन र वितरणमार्फत 'हरियाली प्रवर्द्धन र पारिस्थितिकीय प्रणाली'को पुनःस्थापना गर्दै आएकोमा समितिप्रति आभार प्रकट गरे । वृक्षरोपण गरिएका बिरुवाहरूको संरक्षण र स्याहारसम्भार गर्ने कार्य उत्तिकै महत्वपूर्ण भएको भन्दै प्रधानमन्त्री दाहालले रोपिएका बिरुवाको संरक्षणमा पनि ध्यान दिनुपर्नेमा जोड दिए । 'रोपिएका बिरुवा हुर्किएर स्थानीयले उत्पादित वस्तु वा सेवा प्राप्त गर्दैनन्, तबसम्म यसको निरन्तर संरक्षण गर्नुपर्दछ', उनले भने, 'यस कार्यमा तीनै तहका सरकार, सरकारका निकाय, सामुदायिक वन उपभोक्ता समूह, नागरिक समाज, निजी क्षेत्र र गैरसरकारी सङ्घसंस्थालाई सहकार्य र समन्वयका लागि म हार्दिक अपिल गर्दछु ।' उनले आगामी दिनमा चुरे तराई–मधेशको संरक्षण र जनताको जीवनस्तर सुधारमा हरित अभियान बहुउपयोगी होस् भन्ने कामना गरे । नेपालको पूर्वमा इलामदेखि पश्चिम कञ्चनपुरसम्म ३७ जिल्लामा फैलिएको चुरे पर्वत भू–जैविक, भौगर्भिक दृष्टिकोणले अत्यन्त संवेदनशील, जैविक विविधता र संस्कृतिमा धनी, दुलर्भ वन्यजन्तुहरूको बासस्थान र जैविक मार्ग भएको बताउँदै प्रधानमन्त्रीले दाहालले चुरे पर्वतीय प्रणालीले नै पहाड, दुन, भावर तथा तराई–मधेशको सम्बन्ध एक आपसमा अन्योन्याश्रितरूपले गाँसेको उल्लेख गरे । 'चुरे पर्वतीय प्रणाली तराई–मधेशको पानीको स्रोत हो, चुरे क्षेत्रमा भएका प्राकृतिक सम्पदाहरू यसको तल्लोतटीय क्षेत्र अर्थात् मधेसमा बस्ने जनसमुदायका लागि जीवनरेखा हुन्', प्रधानमन्त्रीले भने, 'आज जानेर वा अज्ञानमा चुरे संरक्षण क्षेत्रमा रहेका प्राकृतिक सम्पदा मानवीय अतिक्रमणको दुष्चक्रमा परेका छन् । विस्तृत आयोजना प्रतिवेदन, इञ्जिनियरिङ डिजाइन र वातावरणीय प्रभाव अध्ययन विना गरिने भौतिक पूर्वाधार विकासले चुरे पहाड शृङ्खला कमजोर भएको छ ।' ढुङ्गा, गिटी, बालुवाको सङ्कलन र उत्खननले चुरे क्षेत्रको दोहन बढेको बताउँदै प्रधानमन्त्री दाहालले नदी प्रणालीको वातावरणीय अखण्डतामा गम्भीर सङ्कट पैदा गरेको उल्लेख गरे । उनले चुरे क्षेत्रमा बढ्दो जनसंख्या, अव्यवस्थित बसोबास, वन अतिक्रमण, वन डढेलो, खुला चरिचरण र नदीजन्य पदार्थको दोहन, अव्यवस्थित भौतिक पूर्वाधार निर्माण, भूक्षयजस्ता कारण यसको संरक्षण दिन प्रतिदिन चुनौतीपूर्ण बन्दै गएको बताए । 'प्रकृति स्वच्छ भए मात्र हाम्रो जीवन सुरक्षित हुन्छ र प्रकृतिलाई हामीले संरक्षण ग~यौँ भने मात्र प्रकृतिले हामीलाई संरक्षण गर्दछ', प्रधानमन्त्री दाहालले भने, 'तसर्थ, तराई–मधेसका जनतालाई विपद्बाट बचाउन चुरे क्षेत्रमा रहेका वन, वनस्पति, वन्यजन्तु र पारिस्थितिकीय प्रणालीलाई उनीहरूको प्राकृतिक प्रक्रियाअनुसार स्वच्छ र स्वतन्त्ररूपमा बाँच्न दिनुपर्दछ ।' तीनै तहका सरकार र राज्यका सम्पूर्ण निकायले भावी पुस्ताको बाँच्न पाउने अधिकारको ख्याल गर्दै व्यवस्थित भौतिक विकासको अवधारणाअनुरूप वातावरणीय अध्ययन गरेर मात्र ढुङ्गा, गिटी र बालुवाको सङ्कलन तथा उत्खनन गर्न उनले आग्रह गरे ।

### गण्डक चोकबाट परवानीपुरसम्म वृक्षारोपण




१० औं चुरे संरक्षण दिवसको अवसर वीरगंजमा व्यापक रुपमा वृक्षारोपण गरी चुरे संरक्षण दिवस मनाईएको छ । चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई, चुरे रहे पानी, पानी रहे हामी भन्ने नाराका साथ आयोजित वृक्षारोपण कार्यक्रमको सुभारम्भ वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले गरेका थिए । वीरगंज महानगरपालिका, राष्ट्रपति चूरे तराई मधेश संरक्षण विकाश समिति भरतपुर चितवन र ग्रीन सिटी सामुदायिक सेवा केन्द्रको संयुक्त आयोजनामा वीरगंजको गण्डक चोकबाट परवानीपुरसम्म वृक्षारोपण गर्ने कार्यक्रमको आइतबार सुभारम्भ गरिएको थियो । सो अवसरमा पहिलो चरणमा मूल सडकको डीभाईडरहरुमा ५ सय विरुवा रोपिएको ग्रिन सिटी सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताए ।

कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत मातृका भट्टराई, पर्साका प्रहरी उपरीक्षक कुमोध ढुंगेल, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति भरतपुर चितवनका प्रमुख श्यामबाबु लोप्चन लगायतको उपस्थिति रहेको थियो । राष्ट्रपति चुरे तराई मधेश विकास समिति भरतपुर चितवनका प्रमुख लोप्चनका अनुसार 'जनताको रहर, हरित शहर' कार्यक्रम अन्तर्गत वीरगंज महानगरपालिका र भरतपुर महानगरपालिकामा वृक्षरोपण कार्यक्रम गरिएको हो । चुरे संरक्षण कार्यक्रम अन्तरगत गतबर्ष वीरगंज महानगरपालिका क्षेत्रमा १५ लाखको वृक्षरोपण गरेको थियो भने चालू आर्थिक बर्षमा भने पाँच लाखको वृक्षरोपण गरिएको राष्ट्रपति चुरे तराई मधेश विकास समिति भरतपुर चितवनका प्रमुख श्यामबाबु लोप्चनले बताए । चुरे संरक्षणका लागि आर्थिक वर्ष २०६७/२०६८ देखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

# नेपाली सभ्यतालाई मास्न ओली र प्रचण्डले नेपालमा 'होली वाइन' भित्रियाएः महतो



> 'आफ्नो पहिचान, अधिकार र सम्मानको आन्दोलन गर्दा गोली चलाएर दबाउने काम गरेको छ । मधेशी र पहाडी एउटै देशको नागरिक हो । तर, मधेशीलाई विदेशी भनेर फरक व्यवहार गर्दै आएको छ,' उनले भने । धोती र टोपी मिलेर एकल जातिय सत्ताधारीलाई हटाउन जरुरी रहेको महतोले बताए । 'नेपाल बनेपछि मधेशी, थारु, मगर, नेवार, तामाङ, दलित, मुस्लिम कतैबाट आएको होइन, यो त सबैको योगदानले नेपाल बनेको हो ।'

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय मुक्ति क्रान्ति अभियान लिएर नेता राजेन्द्र महतो देश दौडाहामा छन् । नेपालमा सबै जाति समुदायबीचको एकता र क्रान्तिले नै नेपालले समृद्धि प्राप्त गर्ने बताउने गरेका छन्, नेता महतो । सेतै फुलेको दाह्री र जुंगा राखेर देश बनाउने अभियानमा हिडिरहेका नेता महतो उमेरले ६५ कटि सकेका छन । तर, अभियानमा सबैभन्दा बढी सक्रिय भएर क्रान्तिको नेतृत्व गरिरहेका छन् । तराई–मधेशको कुना कप्चा, पहाडको दूरदराजमा रहेका बस्तीसम्म उनी नथाकी पुगिरहेका छन्, अभियानलाई सफल बनाउन । पहाडी समूदाय, नेवार, तमाङलगायतका विभिन्न जातिय समूहलाई समेटेर उनी अभियानलाई सफल बनाउन देशभरी कुदिरहेका छन् । राष्ट्रिय मुक्ति क्रान्तिले देशैभरी एक सय एक वटा सभा गर्ने कार्यक्रम तय गरेको छ । यहि सिलसिलमा राष्ट्रिय मुक्ति क्रान्तिले गत शनिबार सर्लाहीमा मधेशी–पहाडी एकता सभा गर्यो । सभामा संयोजक तथा पुर्व उपप्रधानमन्त्री राजेन्द्र महतोले मधेश आन्दोलन ताका राज्यले मधेशको मुद्दालाई ओझेलमा पार्न पहाडी विरुद्धको आन्दोलन भनि गलत भाष्य निर्माण गरेको बताए । त्यही भास्यलाई चिर्न र सबै उत्पीडित जाति र समुदायको माग मुद्दा पुरा गराउन मधेशी पहाडी एकता सभाको आयोजन आवस्यक रहेको बताए । नेता महतोले मधेश आन्दोलन ताका राज्यले मधेशको मुद्दालाई ओझेलमा पार्न र आन्दोलनलाई बदनाम गर्न सरकारले नै गलत भास्य निर्माण गरेको बताए । त्यही भास्यलाई चिर्न र सबै उत्पीडित जाति र समुदायको माग मुद्दा पुरा गराउन मधेशी पहाडी एकता सभाको आयोजन आवस्यक रहेको जानकारी दिए । सोही कार्यक्रममा बोल्दै महतोले लोकतान्त्रिक आन्दोलनको कार्यभार पुरा नभएकोले



आफुहरुलाई राष्ट्रिय मुक्ति क्रान्ति गर्नु परेको बताए । लोसपा परित्याग गरी राष्ट्रिय मुक्ति क्रान्तिको नेतृत्व गरिरहेका राजेन्द्र महतोले आफूहरूको अभियानको उद्देश्य लोकतान्त्रिक आन्दोलनको कार्यभार पूरा गर्नु रहेको बताएका छन् । मधेशमा तराई, पहाड, हिमाल सबै भुगोलका बासिहरु बस्ने भएकोले आपसी सद्भाव र सहअस्तित्व स्वीकार गर्नु पर्नेमा जोड दिए । राष्ट्रिय मुक्ति क्रान्तीका संयोजक राजेन्द्र महतोले धोती र टोपी एक नभएसम्म देश नबन्ने बताएका छन् । 'देश बनाउनका लागि धोती र टोपी मिल्नुको विकल्प छैन । धोती र टोपीबीचको लडाइँले गर्दा देश बर्बाद भएको हो । मधेशी र पहाडीलाई एक आपसमा लडाएर एकल नश्लिय चिन्तनले देशलाई बदनाम गरेको छ,' उनले भने । देश योभन्दा बढी खराब हुन नसक्ने उनको भनाइ छ । 'सिंहदरबारमा बस्ने शासकले देशलाई दुनियासामु बदनाम गरायो । पृथ्वीनारायण शाहले एकीकरण गरेको देशलाई सिंहदरबारमा बस्ने शासकले तोड्ने काम ग¥यो । सबै जात, भाषा, धर्म र संस्कृत मिलेर सुन्दर नेपाल बनेको हो । नेपाल सबै जात र वर्गको साँझा फूलबारी हो । तर, एकल चिन्तन भएकाहरूलाई देशको चिन्ता नहुदाँ आज देश बर्बाद भएको छ,' उनले भने । अहिलेको शासकले सत्ता र कुर्सीका लागि जात र धर्मको नाममा एक अर्कालाई लडाउँदै आएको उनले आरोप लगाए ।

नेता महतो विभिन्न सञ्चार माध्यममा कुराकानी गर्दा नेपालको राजनीति उतार चढावको बारेमा आफ्नो धारणा राख्ने गरेका छन् । जहानिया राणाकालीन, निरङ्कुश राजतन्त्र, पञ्चायती व्यवस्था र अहिलेको राजनीतिक दलहरुको व्यवहारबारे टिप्पणी गरिरहेका छन् । जबसम्म नेपालमा एकल जातिय बर्चश्व रहँदासम्म सम्पूर्ण नेपालको विकास र समृद्धि हुन नसक्ने उनको तर्क छ । एकल भाषा, एकल सांस्कृतिक, एकल भेषभूषाको वर्चश्वलाई तोड्न आवश्यक रहेको उनको भनाई छ । एकल बर्चश्वलाई बहुल बर्चश्वमा लग्न बाँकी जातजाति, भाषाभाषी, भूगोल, क्षेत्र, समुदायलाई राज्यको मूल प्रभावमा ल्याउन जरुरी रहेको बताए । यो देश एकल होइन यो बहुल देश हो । पहाडी, मधेशी, आदीवासी जनजाती, दलित, मुसलमान, थारुहरुको यो देशको निर्माणमा महत्वपूर्ण भूमिका छन्, भूमिका अनुसारको भाग दिनुपर्छ । सबैलाई राज्यको मूलधारमा ल्याउन हामी यो अभियानमा होमिएको नेता महतोको भनाई छ ।

क्रान्तिले स्वदेशवादको भावनामा अगाडी बढ्न चाहेको उनको भनाई छ । एक भाषा, एक भेष, एउटै संस्कृति एउटै देश भन्ने भाष्य निर्माण गरेर नेपाल अगाडी जान नसक्ने उनको तर्क छ । यो देशको वैचारिक धरातलअनुसार नेपाललाई अगाडी बढाउन आवश्यक छ । नेपालमा स्वदेशवाद बाहेक अरु कुनै वाद सफल नहुने तर्क गर्दै नेता महतोले नेपाल बनाउन बहुल राष्ट्रिय राज्यको अवधारणामा आवश्यक रहेको तर्क गरे । बहुल राष्ट्रिय राज्यले नेपाल नटुक्रिने बरु यो अवधारणा लागु नगरे देश समस्यामा रुमलिने उनको तर्क छ ।

क्रान्ति अभियानका संयोजक महतोले नेकपा माओवादीलाई बइमान पार्टी र त्यसको अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई बइमानको संज्ञा दिएका छन् । माओवादी जंगलमा हुँदा पहिचान, मधेश, जनजाती, दलितको अधिकारको कुरा गथ्र्यो तर संसदीय व्यवस्थामा आएपछि सबै मुद्दा विर्सेको उनको टिप्पणी छ । नेपालको मौलिक संस्कृति र परम्परालाई प्रचण्ड र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मासेको नेता महतोको आरोप छ । बाहुनले जनै राख्ने, टुप्पी पाल्ने नेपालको सभ्यता हो तर ओली प्रधानमन्त्री रहेको बेला होली वाइनलाई नेपालमा नेपाली सभ्यता मास्न भित्रियाएको आरोप लगाए । नेता महतोले नेकपा एमाले देशको सबैभन्दा बढी नश्लिय विभेद गर्ने पार्टी भएको आरोप लगाएका छन् । उनले एमालेले चरण विभद, भेदभाव, घृणा गर्ने पार्टी भएको आरोप लगाएका छन् । नेता महतोले नेपाली कांग्रेस आफूलाई लोकतान्त्रिक पार्टी भने पनि त्यसतो नभएको दाबी गरे । त्यसैगरी उनले जनमत नयाँ पार्टी भएको तर विचार नभएको बताए । रास्वपालाई पार्टी नयाँ भएपनि विचार पूरानो भएको टिप्पणी गरे ।

नेता महतोले देश संघीयतामा गएपनि अहिले पनि केन्द्रले नै शासन गरिरहेको बताए । प्रदेश बनाइएपनि कुनै पनि अधिकार नदिएर प्रदेशलाई बदनाम बनाएको बताए ।

# पत्रकार छठुसाहलाई दुर्ब्यवहार गर्ने प्रहरीमाथि कारवाहीको माग

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रेस युनियन पर्सा शाखाले युनियनका सदस्य एवं कालिका टाइम्सका प्रबन्ध निर्देशक छठु छद साहमाथि नेपाल प्रहरी गरेको दुव्र्यवहारको भत्सना गरेको छ । प्रेस युनियन पर्साका अध्यक्ष विजयकुमार महत्तो (चौहन)द्वारा आइतबार विज्ञप्तीमा उक्त घटनाको भत्साना गरेको हो । पर्साको कालिकामाई गाउँपालिका बडा नंबर २ गुडियानीमा गाउँपालिकाले सञ्चालन गरेको कृषि तथा पशु उपशाखा कार्यालयको भवन भत्काउने असार १ गतेका दिन, प्रहरीले स्थानिय महिलाहरुमाथि गरेको ज्यादतीको भिडियो रेकर्ड गर्ने क्रममा प्रहरीले सञ्चारकर्मी साहमाथि जाई लाग्दै, मोबाइल खोसेर फुटाउनका साथै अमानवीय व्यवहार गरेको भन्दै युनियनले विरोध जनाएको छ ।




महिलामाथि, पुरुष सुरक्षाकर्मीले बल प्रयोग गरेको भिडियो समाचार प्रायोजनका लागि खिच्नु सञ्चारकर्मीको अधिकार भएपनि, प्रेस स्वतन्त्रतालाई समेत कुण्ठित गर्ने गरी प्रहरीले सञ्चारकर्मी साहमाथि आक्रमण गरेको युनियनको ठहर छ । सञ्चारकर्मी साहमाथि भएको दुव्र्यवहारको घटनाको छानबिन गरी त्यसमा संलग्न दोषी प्रहरीहरुलाई तत्काल कानून बमोजिम कारबाही गर्न प्रेस युनियन पर्साले माग गरेको छ । सञ्चारकर्मी साहको मोबाइलमा समेत क्षति भएकाले सोको क्षतिपूर्ति समेत दोषीबाट उसुलउपर गराउन विज्ञप्तीमार्फत ध्यानाकर्षण गराएको छ । अन्यथा प्रेस युनियन पर्सा शाखा संर्घषमा उत्रिने चेतावनी समेत दिएको छ ।

त्यसैगरी, पत्रकार छठु साहमाथि भएको घटनालाई लिएर समाजवादी प्रेस संगठन पर्सा शाखाले पनि भत्सना गरेको छ । प्रहरीले गुडागर्दी शैलीमा सञ्चारकर्मीमाथि दुरव्यवहार गर्नु राज्यपक्षबाट सञ्चारमाध्यममाथिको प्रहार भएको जनाएको छ । पत्रकार साह घाइते हुँदा पनि उपचारसमेत नगराइ दिनभरी हिरासतमा राख्नु मानव अधिकारको उल्लघंन भएको समाजवादी प्रेस संगठनको ठहर छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन